सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ जेठ २०८२, सोमबार (26 May 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ४३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

तीनकुने घटनामा साढे २० करोड बिगो दाबी, ६१ विरुद्ध मुद्दा दर्ता



दुर्गा प्रसाईं, रवीन्द्र मिश्र, धवलशमशेर राणासहित ५० जनाविरुद्ध राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र संगठित अपराध कसुरसहित पाँच मुद्दा

(विस्तृत पृष्ठ ३)

राजनीतिज्ञ र उद्योगपतिबिचको साँठगाँठमा लुकेको स्वार्थ



पछिल्ला दशकमा भारतका राजनीतिज्ञ र औद्योगिक दिग्गजबिचको नाजायज सम्बन्ध बलियो हुँदै गएको छ

(विस्तृत पृष्ठ ५)

आयकर छुटको सीमा बढाउने तयारी



आगामी आवको बजेटमार्फत एकलतर्फ ६ लाखसम्म र दम्पतीका हकमा ७ लाखसम्मको आयमा कर नलाग्ने व्यवस्था हुँदै

■ नवनियुक्त गभर्नरको सेयर बजारमैत्री नीति

चार वर्षपछि सेयर धितो कर्जाको जोखिमभार सय प्रतिशत कायम

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



■ ६ महिनामा भिजिट भिसामा बाहिरिए एक लाख १४ हजार

आधाभन्दा धेरै सेटिङमा पठाइएको आकलन

खाडी मुलुक पठाइनेसँग ५० हजारसम्म र युरोप जानेहरूबाट तीन लाखसम्म गरिन्छ असुली, गृहमन्त्री लेखकले रोजेरै साढे सात महिनाअघि विमानस्थल अध्यागमन प्रमुखमा पठाएका थिए तीर्थराज भट्टराई

■ तर, भिजिट भिसाबाट असुली प्रकरणमा गृहमन्त्रीको बचाउ गर्दै कांग्रेस-एमाले

कर्मचारीलाई दोषी देखाएर गृहमन्त्रीको प्रतिरक्षा गर्दै प्रधानमन्त्रीले एमाले बैठकमा भने, **'एउटा कर्मचारीले गल्ती गर्दा मन्त्रीले राजीनामा दिँदै जाँदा सरकार कसरी चल्छ ?'**

■ कांग्रेसभित्रैबाट भने गृहमन्त्री लेखकलाई राजीनामा दिन लगाएर अनुसन्धानमा सघाउन माग

■ रास्वपाले गृहमन्त्रीको राजीनामा संसद्मा सशक्त उठाउने

कार्यवाहक प्रवक्ता मनीष झा भन्छन्- **मंगलबारको संसद् बैठक सामान्य हुनेछैन**

नवराज मैनाली/नयाँ पत्रिका

पछिल्लो ६ महिनामा एक लाख १४ हजार नेपाली भिजिट भिसामा विभिन्न देश पुगेका छन्। त्यसमध्ये आधाभन्दा धेरैलाई सेटिङमा वैदेशिक रोजगारीका लागि पठाइएको आकलन छ। यसरी पठाउँदा खाडी मुलुक जानेहरूसँग प्रतिव्यक्ति ५० हजारसम्म र युरोप जानेबाट तीन लाखसम्म असुली हुने गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रारम्भिक छानबिनले देखाएको छ।

भिजिट भिसाको आवरणमा मानव तस्करीमा संलग्न देखिएपछि अख्तियारले विमानस्थलस्थित अध्यागमन कार्यालयका तत्कालीन प्रमुख तीर्थराज भट्टराईलगायतमाथि सोधपुछ गरी अनुसन्धान गरिरहेको छ। गत २३ असोज (९ अक्टोबर)मा गृहमन्त्री रमेश लेखकले रोजेरै भट्टराईलाई विमानस्थलस्थित अध्यागमन कार्यालय प्रमुखका रूपमा सरुवा गरेका थिए। सुरेश पन्थीलाई चार महिनामै हटाएर विवादास्पद पृष्ठभूमिका उनलाई

» पृष्ठ २ मा क्रमशः



रमेश लेखक, गृहमन्त्री

तीर्थराज भट्टराई ▶ निवर्तमान अध्यागमन प्रमुख

■ भिजिट भिसामा सेटिङ : जीवन नै अन्धकारमा धकेलिदिन्छन्

म्यानमारमा बन्धक बनाएर साइबर स्क्याममा लगाइन्छ, कतिपय महिलालाई कुवेत र इराक पुऱ्याएर बिक्री गरिन्छ

भिजिट भिसामार्फत वैदेशिक रोजगारीमा गएकामध्ये कतिपय म्यानमारको साइबर स्क्याम अखडामा पुगेर बन्धक बनेका छन्। प्रहरीका अनुसार अझै पनि त्यहाँ करिब डेढ सय नेपाली बन्धक छन्। उनीहरूलाई त्यहाँ साइबर ठगीको काममा लगाइएको छ। बुधबार मात्र दुईजनाको उद्धार भएको थियो। ठुलो समस्या कुवेतमा छ। जहाँ भिजिट भिसामा जाने कतिपय महिलालाई एक घरमा राखेर छानी-छानी 'बिक्री' गर्ने गरिएको छ। घरेलु कामदारका नाममा यसरी बिक्री भएर चरम यातना र यौन हिंसामा पर्ने महिलाहरूको उद्धारका लागि धेरै सूचना आएको दूतावासका अधिकारी बताउँछन्। कतिपयलाई इराकसम्म लगेर बिक्री गरिएको छ। त्यसरी बिक्री भएकी एक महिलाले दुई साताअघि मात्र प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोमा उजुरी दिएकी थिइन्। कतिपय भिजिट भिसाकै सेटिङमार्फत रसियन सेनामा भर्ना हुनसमेत गएको प्रहरी अनुसन्धानले देखाएको छ।

■ मानव बेचबिखन ब्युरोको विशेष टोली विमानस्थलमा प्रहरीले दुईपटक खटायो

तर, गृह मन्त्रालयको दबाबमा दुवैपटक फिर्ता पठाइयो

पछिल्लोपटक पाँच महिनाअघि विमानस्थल पुगेको प्रहरी टोलीलाई अध्यागमन प्रमुख तीर्थराज भट्टराईकै कमान्डमा अवरोध गरियो र गृह मन्त्रालयको दबाबमा केही घण्टामै फिर्ता बोलाइयो

टेकराज थामी/नयाँ पत्रिका

भिजिट भिसामा मानव तस्करी गर्ने गिरोह कति शक्तिशाली छ भन्ने तथ्य पाँच महिनाअघि प्रहरी प्रधान कार्यालयले लिएको एउटा निर्णय एक दिन पनि टिक्न नसकेको घटनाले नै पुष्टि गर्छ।

भिजिट भिसामा मानव तस्करी नरोकिएपछि प्रहरी प्रधान कार्यालयले त्रिभुवन विमानस्थलमा मानव बेचबिखन तथा अनुसन्धान ब्युरोको विशेष टोली खटाउने निर्णय गत ३ पुसमा गरेको थियो। निर्णयअनुसार ब्युरोको टोली केही घण्टा विमानस्थलमा खटियो पनि। तर, मानव तस्करीमा संलग्न गिरोहले दिएको दबाबपछि गृह मन्त्रालयको निर्देशनमा ब्युरोको टोली तत्काल विमानस्थलबाट फिर्ता हुन बाध्य भयो।

बिहान १० बजे विमानस्थल पुगेको टोलीले केहीबेरमै ब्युरोबाट फर्किन निर्देशन आएपछि करिब दुई घण्टामै विमानस्थल छाडेको थियो। अहिले आएर गृहमन्त्री रमेश लेखकको सचिवालयसम्मै बिचौलियाको सिधा सम्पर्क रहेका तथ्यहरू खुल्दै गएका छन्।

त्यसो त विमानस्थलका कर्मचारीले इन्स्पेक्टरको कमान्डमा खटिएको ब्युरोको टोलीलाई सुरुमै विमानस्थल हाताभित्र प्रवेशमै रोक्ने प्रयास गरेका थिए। जसको नेतृत्व सम्हालेका थिए, विमानस्थलस्थित

● मानव बेचबिखन तथा अनुसन्धान ब्युरो प्रमुख एसएसपी दीपेन्द्र जिसीले भने-



विगतमा ब्युरोको टोली विमानस्थलमा खटिएका रहेछ। तर, उनीहरू केही घण्टापछि नै फिर्ता भएका रहेछन्। के करणले उनीहरू फिर्ता भएका हुन्, त्यस विषयमा भने मलाई जानकारी भएन।

अध्यागमन कार्यालय प्रमुख तीर्थराज भट्टराईले। उनै भट्टराई अहिले भिजिट भिसामा हुँदै आएको मानव तस्करी प्रकरणमा अख्तियारको अनुसन्धानमा छन्। भट्टराईलाई अख्तियारले पक्राउ गरेर उनका मोबाइल, ल्यापटपलगायतका डिभाइस

» पृष्ठ २ मा क्रमशः

■ मुठभेड आमन्त्रण गर्ने प्रधानमन्त्री ओलीको अभिव्यक्ति

राजावादी आन्दोलनकै दिन १५ जेठमा तीन घण्टा काठमाडौं एमालेको नियन्त्रणमा लिन निर्देशन

■ एमाले बागमतीले आयोजना गरेको वडाध्यक्षहरूको प्रदेश भेलामा निर्देशन दिँदै प्रधानमन्त्री केपी ओलीले भने-

हम साथीहरूलाई भन्न चाहन्छु- १५ गतेका लागि निर्देशन पछि आउला। तर, भोलि उठ्नेबित्तिकै १५ गतेको तयारी थाल्नुस्। के-के गर्नुपर्छ भन्ने पार्टीले भन्छ। १५ गते ११ देखि २ बजेसम्म काठमाडौं एमालेको नियन्त्रणमा हुनुपर्छ। कसरी कुन संस्था अगाडि लाग्छ, कुन संस्थाको आयोजना हुन्छ, त्यसलाई छोडिदिनुस्। आन्दोलनमा प्रोटोकल-प्रोटोकलका कुरा हुँदैनन्। यहाँ (आइतबारको कार्यक्रमस्थल) सभा गर्ने, बैठक गर्ने ठाउँमा पो यता र उता छ। आन्दोलनमा पनि यता र उता हुन्छ र ? सबै एकैतिर (हातले इसारा गर्दै) अगाडि बढ्ने हो।

सरकार र जनता अलि मौन बसेको अवस्थाको फाइदा लिएर यिनी(राजावादी)हरूले अनावश्यक फुर्तीफार्ती देखाएका छन्। यसो अक्षता मन्तर्ने हुन्छ नि ! हुँहुँ...मुजुरा लाएर, ढ्याङढ्याङ, ढुङढुङ गर्दै ढ्यांग्रो ठोकेर नाच्ने धामी अक्षता मन्सुदै आयो भने त्यो कता जान्छ-जान्छ। यी त्यस्तै अक्षता मन्साउनेहरू हुन्। ढ्यांग्रो लिएर एमाले मैदानमा उत्रियो भने यी कताकता दुलाभित्र पस्छन्।



■ प्रधानमन्त्रीको अभिव्यक्तिप्रति राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको आपत्ति



देशको प्रधानमन्त्रीको अभिव्यक्ति गैरजिम्मेवार, हिंसा भड्काउने, उत्तेजक र आपत्तिजनक छ। म सम्पूर्ण नागरिक समाज, मानव अधिकारसम्बन्धी संघ, संस्था, आयोग र विश्व समुदायको ध्यानाकर्षण गर्दछु।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

गणतन्त्र दिवसका दिन राजावादीहरूले प्रदर्शनको तयारी गरिरहेका वेला प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले त्यस दिन केही घण्टा काठमाडौं एमालेको नियन्त्रणमा हुने र त्यसमा कुनै 'प्रोटोकल' नरहने अभिव्यक्ति दिएका छन्। ललितपुरको गोदावरीमा एमाले बागमतीद्वारा आइतबार आयोजित स्थानीय तहका वडाध्यक्षहरूको प्रदेश भेला तथा अभिमुखीकरणलाई सम्बोधन गर्दै प्रधानमन्त्री

» पृष्ठ २ मा क्रमशः

पूर्वराष्ट्रपति भण्डारी बेइजिङमा

आज उच्चस्तरीय वार्ता



बेइजिङमा **पर्शुराम काफ्ले**

सोमबार बेइजिङमा चिनियाँ कम्युनिस्ट पार्टी र विदेश मन्त्रालयद्वारा आयोजित छिमेकी देशका राजनीतिक दलहरूसँग संवाद कार्यक्रममा उनी सहभागी हुने र कार्यक्रमलाई सम्बोधन गर्ने कार्यक्रम छ। भण्डारी मंगलबार गान्सु प्रान्त हुँदै सिचुआनको छेन्दु भएर १९ जेठमा स्वदेश फर्किने भ्रमण-तालिका तय भएको छ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी चीनको १० दिने भ्रमणका क्रममा आइतबार बेइजिङ आइपुगेकी छिन्। काठमाडौंबाट ग्वान्झाओ हुँदै आएकी भण्डारी र उनको भ्रमण दललाई चिनियाँ कम्युनिस्ट पार्टी, चीन सरकारका अधिकारी एवं चीनका लागि नेपाली राजदूत डा. कृष्णप्रसाद ओलीले दासिङ अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका छन्।

पूर्वराष्ट्रपति भण्डारीले सोमबार उच्चस्तरीय भेटवार्ता गर्ने कार्यक्रम छ।

आइतबार चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभाग प्रमुख लिउ जियान्चाओले पूर्वराष्ट्रपति र विदेशी प्रतिनिधिमण्डलको सम्मानमा रात्रिभोजसहित स्वागत समारोह आयोजना गरेका थिए। उनीसहित चिनियाँ उपराष्ट्रपति हान झेङसँग भण्डारीको सोमबार भेटवार्ता हुनेछ। भण्डारीको भ्रमण दललाई चीन सरकारको राजकीय आवासगृह दियाओ थाईमा राखिएको छ। चीन सरकारले उनलाई विदेशी सरकार प्रमुखसरहको सम्मान, सुरक्षा र आवासगृह प्रदान गरेको छ।

नेपालमा पहिलोपटक एकै व्यक्तिमा एकैपटक मिर्गौला र कलेजो प्रत्यारोपण

सडक दुर्घटनामा मृत्यु भएका १८ वर्षीय युवाको मिर्गौला र कलेजो प्रत्यारोपणबाट हेटौंडाका शिव महर्जनले पाए नयाँ जीवन

शिवहरि घिमिरे/नयाँ पत्रिका

मृत्युले पनि जीवन दिन सक्छ ! सुन्दा वा पढ्दा असहज लाग्न सक्छ। तर, नेपालमा पहिलोपटक मस्तिष्क मृत्यु भएका व्यक्तिको मिर्गौला र कलेजो एकै व्यक्तिमा सफल प्रत्यारोपणमार्फत सन्देश प्रवाह भएको छ- दुर्घटनामा गुमेको जीवन अरूका लागि पुनर्जन्मको माध्यम बन्न सक्छ।

मस्तिष्क मृत्यु भएका व्यक्तिको मिर्गौला र कलेजो एकैपटक एउटै व्यक्तिमा प्रत्यारोपण पाउने ती 'भाग्यमानी' थिए- हेटौंडाका शिव महर्जन। एकैपटकमा मिर्गौला र कलेजो पाएपछि शिवले दोस्रो जीवन पाएका छन्। यो चिकित्सा विज्ञानको प्रगति त हो नै, समन्वय र मानवीय समर्पणको एउटा अद्भूत उदाहरण पनि हो।

हेटौंडाका शिवले जब अस्पतालको शय्यामा आफूलाई मृत्यु र जीवनको दोसाँधमा भेटे, तब सोच्न थालिसकेका थिए- 'अब मेरो यात्रा यत्तिमै अन्त्य हुने हो कि ?' आठ वर्षदेखि अंग फेल भएर थलिएका शिव अन्तिम समयसम्म पनि जीवनको आशामा थिए। र, जीवनले उनलाई फेरि साथ दियो- एउटा दुःखद सडक दुर्घटनाबाट।



मिर्गौला र कलेजो प्रत्यारोपण गरेका हेटौंडाका शिव महर्जन



उनै युवाको अर्को मिर्गौला प्रत्यारोपण गराएकी चितवनकी फुलमाया नेपाली

ब्रेनडेथ भएकाको आठ अंग अर्को व्यक्तिमा प्रत्यारोपण गर्न सकिन्छ

चिकित्सकका अनुसार ब्रेनडेथ भएका व्यक्तिबाट विभिन्न अंग निकालेर छोटो समयमै प्रत्यारोपण गरिसक्नुपर्छ। जसमध्ये मुटु चारदेखि पाँच घण्टाभित्र, फोक्सो चारदेखि आठ घण्टाभित्र, कलेजो र प्यांक्रियाज आठदेखि १२ घण्टाभित्र, मिर्गौला २० देखि ३६ घण्टाभित्र प्रत्यारोपण गरिसक्नुपर्ने अन्तर्राष्ट्रिय मापदण्ड छ। ब्रेनडेथ भएका एक व्यक्तिबाट मुटु, कलेजो, मिर्गौलालगायत आठवटा अंग अर्को व्यक्तिमा प्रत्यारोपण गर्न सकिन्छ। छोटो अवधिमा परिवारका सदस्यको मन्जुरी लिएर अर्को व्यक्तिमा प्रत्यारोपण गरिसक्नुपर्ने भएकाले निकै समस्या हुने गरेको छ।

१८ वर्षीय एक युवकको जीवन सडक दुर्घटनामा अस्तायो। मृत्युपछि उनले दुईजनालाई नयाँ जीवन दिए- दुई मिर्गौला र एक कलेजो दान गरेर। काठमाडौं मेडिकल कलेज सिनामंगलमा मस्तिष्क मृत्यु भइसकेपछि उनको परिवारसँग समन्वय भएपछि अंगदान गर्न उनीहरू सहमत भए। जसबाट शिवले कलेजो र मिर्गौला पाए भने अर्की एक ४२ वर्षीया महिलाले अर्को मिर्गौला प्राप्त गरिन्।

नौ दिनअघि प्रत्यारोपण भएको यो प्रक्रिया एकै दिनको कुरा थिएन। यी दुवै अंग राख्न चार दिन लामो तयारी, जटिल प्रक्रिया, अनगिन्ती परीक्षण र निरन्तर चिकित्सकीय निगरानीपछि मात्र सम्भव भएको थियो। भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा १० भन्दा बढी विशेषज्ञ चिकित्सकको समर्पित टिमले असम्भवजस्तो देखिने कार्य सम्भव बनाएको हो। उनका अनुसार काठमाडौं मेडिकल कलेज सिनामंगलमा मस्तिष्क मृत्यु भएका १८ वर्षीय युवकबाट दुई मिर्गौला र

» पृष्ठ २ मा क्रमशः

■ रविको मुद्दामा सर्वोच्चको आदेश

रास्वपाले उठायो प्रक्रियामा प्रश्न

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सभापति रवि लामिछानेको मुद्दामा सर्वोच्च अदालतले गरेको आदेश स्वीकार गरेर अघि बढ्ने निर्णय गर्दै आदेशको प्रक्रिया र कमजोरीमा प्रश्न उठाएको छ। सभापति रविको बन्दी प्रत्यक्षीकरण र तुलसीपुर उच्च अदालतबाट भएको आदेशविरुद्धको पुनरावेदनमा सर्वोच्चबाट भएको आदेशमा पुर्पक्षका लागि रविलाई थुनामा राख्नैपर्ने कारण सन्तोषजनक रूपमा नप्रस्ट्याइएको केन्द्रीय समितिको ठहर छ।

बैठकले २२ चैत ०८१ मा तुलसीपुर उच्च अदालतबाट आएको आदेश कार्यान्वयनमा नआउँदै सरकारले नियोजित रूपमा प्रतिशोधपूर्ण ढंगले झुटा मुद्दा लगाएको र सभापति लामिछानेलाई अपहरण शैलीमा गैरकानुनी रूपमा हिरासतमा लिएको आरोपसमेत लगाएको

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

भिजिट भिसा प्रकरणमा गृहमन्त्रीको बचाउमा कांग्रेस-एमाले



आइतबार बालुवाटारमा बसेको सत्तागठबन्धनका शीर्ष नेताहरूको बैठक

शुरोजंग पाण्डे/नयाँ पत्रिका

भिजिट भिसाका नाममा अवैध असुली प्रकरणमा मुछिएका गृहमन्त्री रमेश लेखकको बचाउमा सत्तारूढ दल नेपाली कांग्रेस र एमाले उत्रिएका छन् । कांग्रेसभित्रका केही नेता र नागरिकस्तरबाट गृहमन्त्री लेखकले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने माग उठिरहेका वेला सत्तागठबन्धन भने उनीप्रति प्रतिरक्षात्मक बनेको छ । प्रधानमन्त्री केपी ओली पनि गृहमन्त्री लेखकको बचाउमा लागेका छन् ।

आइतबार प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा बसेको सत्तागठबन्धनका शीर्ष नेताहरूको बैठकले गृहमन्त्री लेखकको राजीनामाको आवश्यकता नरहेको निष्कर्ष निकालेको छ । बैठकमा सहभागी नेताहरूका अनुसार गृहमन्त्रीमाथि उठेको विवादबारे संसद्मार्फत स्पष्ट पार्दै अघि बढ्ने सहमति भएको छ । चौतर्फी दबाबबिच पनि सत्तारूढ दलहरू तत्काल राजीनामाको पक्षमा छैनन् । यस विषयमा थप छलफल गर्न कांग्रेसको सोमबार पदाधिकारी बैठक बस्दै छ ।

कर्मचारीले गल्ती गर्दैमा मन्त्रीले राजीनामा दिनुनपर्ने निष्कर्षमा कांग्रेस र एमालेका शीर्ष नेता पुगेका छन् । बैठकमा भिजिट भिसा प्रकरणलाई विपक्षी दलले संसद्मा उठाए कसरी जवाफ दिने भन्ने विषयमा समेत छलफल भएको थियो ।

मंगलबार गृहमन्त्री लेखकले भिजिट भिसा प्रकरणबारे सदनलाई जानकारी दिँदै छन् । संसद् सचिवालयमार्फत उनले जवाफ दिने समय लिइसकेका छन् । सत्तारूढ दलहरूले संसद्मा प्रकरणबारे स्पष्ट पार्दै अगाडि बढ्ने रणनीति बनाएका छन् ।

शीर्ष छलफलमा सहभागी कृषिमन्त्री रामनाथ अधिकारीले कर्मचारीको विषय जोडेर गृहमन्त्रीको राजीनामाको विषय उठाउनु स्वाभाविक नहुने बताए । 'अहिले अनावश्यक विषय उठिरहेको छ । एउटा कर्मचारीले कहाँ कमजोरी गरेको हुन्छ, बदमासी गरेको हुन्छ । त्यसमा सिधै फलाना ढिस्काना भन्ने प्रवृत्ति एकदमै खराब हो,' उनले भने । कृषिसम्बन्धी विषयमा कुरा गरेपछि आफू बाहिरिएको उनले बताए ।

त्यसैबिच कांग्रेस मुख्य सचेतक श्याम घिमिरेले भने शेखर कोइरालाले राजीनामा माग्दैमा गृहमन्त्रीले राजीनामा नदिने दाबी गरे । 'राजीनामा किन दिने ? उहाँले आगामी संसद् बैठकमा सबै कुरा प्रस्ट पार्नुहुन्छ । कसैले राजीनामा देऊ भन्दैमा गृहमन्त्रीको राजीनामा आउँदैन,' घिमिरेले भने ।

विवादमा तानिएसँगै गृहमन्त्रीले राजीनामा दिनुपर्ने र नपर्ने विषयमा कांग्रेसमा दुई धार छ । मानव तस्करीजस्तो विषयमा जोडिएपछि गृहमन्त्रीले राजीनामा दिएर अनुसन्धानमा सहयोग गर्नुपर्ने कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले माग गरेका छन् । त्यस्तै, कांग्रेसका सांसद राजेन्द्र बजगाईंले गृहमन्त्री लेखकलाई बर्खास्त गर्न माग गरेका छन् । बजगाईंले मुख्यसचेतक घिमिरेमार्फत सभापति शेरबहादुर देउवालाई पत्र पठाएर विवादित मन्त्रीलाई बर्खास्त गर्न माग गरेका छन् । 'पार्टीको छवि जोगाउन भ्रष्टाचारमा संलग्न र कमजोर प्रदर्शन गर्ने मन्त्रीहरूलाई तुरुन्त बर्खास्त गर्नुपर्ने सम्बन्धमा' भन्ने विषय उल्लेख गरेका छन् ।

■ गृहमन्त्री लेखकको प्रतिरक्षा गर्दै प्रधानमन्त्री ओलीले एमाले बैठकमा भने-

एउटा कर्मचारीले गल्ती गर्दा मन्त्रीले राजीनामा दिँदै जाँदा सरकार कसरी चल्छ ?

प्रधानमन्त्री केपी ओली भिजिट भिसा असुली प्रकरणमा मुछिएका गृहमन्त्री रमेश लेखकको प्रतिरक्षामा उत्रेका छन् । गृहमन्त्रीले नैतिकताका आधारमा राजीनामा गर्नुपर्ने आवाज उठिरहेका वेला प्रधानमन्त्री ओलीले गृहमन्त्री लेखकको बचाउ गरेका हुन् । प्रधानमन्त्री ओलीको प्रश्न छ- एउटा कर्मचारीले गल्ती गर्दा मन्त्रीले राजीनामा दिँदै जाँदा सरकार कसरी चल्छ ?

'उहाँ (गृहमन्त्री)ले गल्ती गरेको होइन । अख्तियारको अनुसन्धानमा उहाँको संलग्नता देखिएको छैन । उहाँको मन्त्रालयको कुनै कर्मचारीले गल्ती गऱ्यो, थप छानबिन हुँदै जाला । एउटा मन्त्रालयमातहतमा हजारौँ कर्मचारी हुन्छन् । प्रमाणित भए वा दोषी देखिए बेग्लै कुरा हो,' प्रधानमन्त्री ओलीले भने, 'नत्र एउटा कर्मचारीले गरेको गल्तीमा मन्त्रीले राजीनामा दिँदै जाने हो भने सरकार कसरी चल्छ ? गल्ती रहेछ भने जोकोहीलाई कानुनअनुसार कारबाही हुन्छ ।'

■ रास्वपाले गृहमन्त्रीको राजीनामा संसद्मा सशक्त उठाउने

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भिजिट भिसामा अवैध असुलीमा तानिएका गृहमन्त्री रमेश लेखकको राजीनामाको माग दोहोऱ्याउँदै यो विषय सदनमा सशक्त उठाउने तयारी गरेको छ । केन्द्रीय समितिको आइतबार बसेको बैठकले राजीनामा दिएर निष्पक्ष छानबिनका लागि गृहमन्त्रीले मार्गप्रशस्त गर्नुपर्ने माग गर्दै त्यसको कार्यान्वयनका लागि सदनमा आवश्यक कदम चाल्ने निर्णय लिएको छ ।

'प्रश्न उठेपछि राजीनामा दिएर छानबिनमा सघाउनुपर्छ' भन्ने दृष्टान्तअनुरूप 'यथाशीघ्र गृहमन्त्रीको पदबाट राजीनामा दिएर निष्पक्ष अनुसन्धानलाई सघाउन माग गरेको' स्मरण गराउँदै बैठकले यसको कार्यान्वयनका लागि आवश्यक प्रभावकारी कदम चाल्न संसदीय दललाई निर्देशन दिएको छ ।

सचेतक निशा डाँगीका अनुसार मंगलबार बस्ने प्रतिनिधिसभा बैठकमा गृहमन्त्रीको विषयमा रणनीति बनाउन संसदीय दलको बैठक बोलाइएको छ । सोमबार अपराह्न चार बजे सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा बैठक बस्नेछ । कार्यवाहक प्रवक्ता मनीष झाले भन्छन्, 'पर्सिको बैठक सामान्य हुनेछैन ।'

आधाभन्दा धेरै...

पृष्ठ १ बाट क्रमशः

पठाइएको थियो । भट्टराई गएलगत्तै अध्यागमनमा भिजिट भिसाको सेटिङ बढेको थियो । उनी गएपछिका ६ महिनामा मात्रै सवा लाख नेपाली भिजिट भिसामा विभिन्न देश पुगेका छन् ।

अध्यागमनकै मिलेमतोमा मानव तस्करी भइरहेको उजुरी अख्तियारमा समेत परेका थिए । अख्तियारले छापा मार्ने संकेत पाएपछि मन्त्री लेखककै निर्देशनमा भट्टराईलाई ६ जेठमा रातारात मन्त्रालयमा सरुवा गरिएको थियो । तर, उनले रमाना नबुझ्दै भोलिपल्ट ७ जेठमा अख्तियारले भट्टराईलाई कार्यालयबाटै नियन्त्रणमा लिएर हाजिरी जमानीमा छाडेको थियो ।

नोभेम्बरमा १४ हजार ३६८ जनाले मात्र भिजिट भिसामा विदेश जान अनुमति पाएका थिए । डिसेम्बरदेखि सेटिङ बढेको अध्यागमनको तथ्यांकले देखाउँछ । त्यसयता अप्रिलसम्म एक लाख १४ हजार १६८ व्यक्ति भिजिट भिसामा बाहिरिएका छन् । डिसेम्बरमा १९ हजार ९०१, जनवरीमा २१ हजार ७०१, फेब्रुअरीमा १९ हजार ५३४, मार्चमा १९ हजार ६३५ र अप्रिलमा १९ हजार २९९ जना विदेश गएका छन् ।

अध्यागमनका एक कर्मचारीका अनुसार यसरी भिजिट भिसामा जानेमध्ये आधा घुम्न तथा कामविशेषले जाने गर्दछन् । आधाजसो एजेन्टहरूमार्फत जाने गरेका छन् । अझ महिलाहरूलाई खाडी देशमा घरेलु कामदारमा प्रतिबन्ध भएकाले पनि कतिपय मेनपावर कम्पनीले नै यसरी अध्यागमनमा सेटिङ मिलाएर भिजिट भिसामा सुरुमा दुबई लैजाने र त्यहाँबाट ओमान, कुवेत, इराक, रसियादेखि अमेरिकासम्म लगेर बिक्री गर्ने गरेका छन् । अध्यागमनको तथ्यांकअनुसार पछिल्लो ८ महिनामा युएईमा मात्रै भिजिट भिसामा ५० हजार ५०६ जना पुगेका छन् । भिजिट भिसामा हुने मानव तस्करीको ट्रान्जिट देश युएई भएको प्रहरी अधिकारी बताउँछन् । पुरुषभन्दा महिलाको मानव तस्करीमा अध्यागमनमा धेरै पैसा लेनदेन हुने गरेको छ । दिनमै ५० लाख औसत लेनदेन हुने गरेको सूचनाका आधारमा अख्तियारले छापा हानेर अनुसन्धान गरिरहेको छ ।

गृह मन्त्रालयको नेतृत्वसँगकै मिलेमतोमा भिजिट भिसाको सेटिङ मौलाएको स्रोत बताउँछ । कतिसम्म भने कामदार तथा विद्यार्थी भिसामा जाने कतिपयलाई समेत अध्यागमनका कर्मचारीले कागजपत्र नपुगेको भनेर फर्काउने गरेका थिए । तर, सेटिङका व्यक्तिहरूको हकमा भने उनीहरू कुन देश जाने भन्ने थाहा नहुँदासमेत प्रस्थान अनुमति दिने गरिएको थियो । साँच्चिकै घुम्न तथा कामले जान लागेका व्यक्तिहरूलाई नै 'अफलोड' हुने (फर्काइने) गरेकोमा उनीहरूले अध्यागमन विभागमा गएर उजुरी गर्थे । तर, यस्तो प्रवृत्ति सुधारमा चासो नदिएकाले विभागकै पनि मिलेमतोको आशंका गरिएको छ । पछिल्लो समय कार्यालय प्रमुखदेखि अधिकांश कर्मचारी गृहमन्त्री रमेश लेखकको सचिवालयमार्फत अध्यागमन पुगेका थिए । उनीहरू पुगेपछि सेटिङमा मानव तस्करी बढेको थियो ।

सेटिङमा 'कोर टिम'

राम्रो आम्दानी हुने भएपछि गृह मन्त्रालयबाट विमानस्थल अध्यागमनमा जान कर्मचारीहरूको तँछाडमछाड चल्ने गरेकामा मन्त्रालयकै नेतृत्वको सिफारिसमा केही निश्चित व्यक्तिलाई दोहोऱ्याई, तेहेऱ्याई पठाउने गरिएको छ । स्रोतका अनुसार मानव तस्करी सेटिङका लागि अध्यागमनमा 'कोर टिम' तयार गर्न मन्त्रालय नेतृत्वले नै प्रोत्साहन गर्ने गरेको हो । जबकि बुधबार गृहमन्त्री रमेश लेखकले कर्मचारीमार्फत विज्ञप्ति जारी गर्न लगाएर अध्यागमन सेटिङमा आफ्नो कुनै संलग्नता नरहेको दाबी गरेका थिए ।

अधिकृतहरूका अनुसार अध्यागमन प्रशासनमा राइँदाइँ गर्नेहरूको अलग्गै 'कोर टिम' छ । यो समूहका अधिकृतहरू पालैपालो एकपछि अर्को अध्यागमन पुग्छन् । यो समूहका अधिकृतहरू अध्यागमन जाने र केही समय मन्त्रालयमा बसेर पुनः अध्यागमनमै पुग्छन् । यही समूहमा पर्छन् गृहमन्त्री लेखकको सचिवालयमा कार्यरत अधिकृत विमल पौडेल पनि । उनीविरुद्ध प्रहरीले ०८० माघमा मुद्दा चलाएको थियो । उनले अदालतबाट सफाइ पाएपछि मन्त्रालयमा मन्त्री लेखकको सचिवालयमा छिरेका थिए । हाल कार्यरत दर्जनौं अधिकृतहरू नै दुईपटकदेखि चारपटकसम्म फर्की-फर्की अध्यागमन पुगेका छन् । यही समूहले अध्यागमनको सेटिङ व्यवस्थापन गर्छ । 'मन्त्रालय र विभागले अध्यागमनको बेथितिमा आँखा चिम्लिएको मात्र छैन, प्रोत्साहन गरेर लाभसमेत लिएको छ,' स्रोत भन्छ ।

तर, गृहको...

पृष्ठ १ बाट क्रमशः

बरामद गरी अनुसन्धान गरिरहेको छ । उनलाई भने रिहा गरेको छ ।

मानव बेचबिखन तथा अनुसन्धान ब्युरोका प्रमुख एसएसपी दीपेन्द्र जिसीले विगतमा ब्युरोको टोली विमानस्थल खटिएको, तर पछि फिर्ता भएको बताए । 'विगतमा ब्युरोको टोली विमानस्थलमा खटिएका रहेछन् । तर, उनीहरू केही घण्टापछि नै फिर्ता भएका रहेछन् । के कारणले उनीहरू फिर्ता भएका हुन्, त्यस विषयमा भने मलाई जानकारी भएन,' उनले भने ।

मानव बेचबिखन तथा अनुसन्धान ब्युरोको टोली विमानस्थलमा खटाउनुको उद्देश्य नै मानव तस्करी रोक्नका लागि हो । त्यसैले ब्युरोको उपस्थितिलाई विमानस्थल अध्यागमनका कर्मचारीले रुचाउँदैनन् । विमानस्थलमा ब्युरोको टोली जाने सूचनापछि रोक्ने उद्देश्यले अध्यागमन प्रमुख भट्टराईसहितका कर्मचारी गृह मन्त्रालयमै पुगेका थिए । उनीहरूकै 'लबिङ'पछि ब्युरोको टोली अध्यागमन जानबाट रोकिएको थियो । ब्युरोको टोली केही घण्टा यात्रुहरूको भिडमा सुरक्षित रहेर पछि फर्किएका थिए ।

विमानस्थलमा ब्युरोको टोलीलाई सुरक्षाको बाहिरी घेरामा राख्ने भनिएको थियो । भिजिट भिसामा विदेश जान लागेका यात्रुको निगरानी गर्नुपर्ने मुख्य जिम्मेवारी थियो । शंकास्पद देखिएकालाई नियन्त्रणमा लिने र अनुसन्धानपछि मात्रै उनीहरूलाई हिरासत मुक्त गर्नेसम्मको अधिकार दिने भनिएको थियो । सोहीअनुसारको निर्देशन प्रधान कार्यालयले लिखित रूपमै ब्युरोलाई दिएको थियो । तर, तत्काल गृह मन्त्रालयको दबाबमा प्रहरी उक्त निर्णयबाट 'ब्याक' हुन बाध्य भएको थियो ।

गृह मन्त्रालयका सूचना अधिकारी रवीन्द्र आचार्य भने ब्युरोबाट खटिएको टोलीलाई विमानस्थलबाट फिर्ता गरिएको विषय जानकारीमा नभएको बताउँछन् । उनले भने, 'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा खटिएको मानव बेचबिखन तथा अनुसन्धान ब्युरोको टोली गृहले फिर्ता गरेकोजस्तो त लाग्दैन । गृहमा बसेको म लामै अवधि भयो । ब्युरोको टोली फिर्ता भएको मेरो जानकारीमा भएन ।'

स्रोतका अनुसार भिजिट भिसामा खाडी देश जानेसँग अध्यागमनमा ५० हजारसम्म र युरोपियन देश जानेसँग तीन लाख रुपैयाँसम्म असुली हुने गरेको छ । यसरी सेटिङमा दैनिक औसतमा सयजनालाई अध्यागमन कार्यालयले प्रस्थान अनुमति दिने गरेको छ । जसअनुसार दिनमै ५० लाखसम्म असुली हुने गरेको र त्यो पैसा विमानस्थलका कर्मचारीदेखि गृहमन्त्री लेखकसम्म पुग्ने गरेको स्रोत बताउँछ ।

सुरक्षाविद् तथा नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल त्रिभुवन विमानस्थल अध्यागमनमा कहीँ न कतै प्रहरीको उपस्थिति हुनुपर्ने बताउँछन् । उनले भने, 'अध्यागमनबाट कलोसूचीमा नाम रहेका व्यक्तिहरू पनि छिरेका छन् । यही तबरले आतंककारी गतिविधिमा संलग्न हुनेहरू पनि सजिलै छिर्न सक्छन् । त्यसो हुँदा अध्यागमनको काम पासपोर्टमा छाप लगाउने मात्रै होइन, मुलुकको शान्तिसुरक्षासँग पनि यसले सम्बन्ध राख्छ । त्यसो हुँदा विमानस्थल अध्यागमनमा कहीँ न कतै प्रहरीको उपस्थिति हुनु जरुरी देखिन्छ ।'

चार वर्षअघि पनि खटाइएको थियो ब्युरोको टोली, अध्यागमन कर्मचारीकै विरोधपछि तत्कालीन गृहमन्त्री बालकृष्ण खाणले गरेका थिए फिर्ता

विमानस्थलमा मानव तस्करी मौलाएपछि चार वर्षअघि २६ फागुन ०७८ मा प्रहरी प्रधान कार्यालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मानव बेचबिखन तथा अनुसन्धान ब्युरोको टोली खटाएको थियो । तर, सेटिङमा लागेका अध्यागमन कर्मचारी, बिचौलियालगायतको दबाबमा परेको गृह मन्त्रालय नेतृत्वले टोलीलाई चार दिनमै फिर्ता बोलाएको थियो । त्यतिबेला गृहमन्त्री बालकृष्ण खाण र गृहसचिव टेकनारायण पाण्डे थिए । उनीहरू दुवै बहुचर्चित नक्कली भुटानी शरणार्थी काण्डमा पनि तानिए । हाल खाण धरौटीमा थुनाबाहिर छन् भने पाण्डे थुनामै छन् । विमानस्थलमा अहिले लागुऔषध नियन्त्रण ब्युरो, प्रधान कार्यालयमातहतको विशेष ब्युरो र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीसमेत खटिँदै आएका छन् ।

राजावादी...

पृष्ठ १ बाट क्रमशः

ओलीले त्यसैअनुसार तयारी गर्न कार्यकर्तालाई निर्देशन दिएका छन् ।

'म साथीहरूलाई भन्न चाहन्छु- १५ गतेका लागि निर्देशन पछि आउला । तर, भोलि उठ्नेबित्तिकै १५ गतेको तयारी थाल्नुस् । के-के गर्नुपर्छ भन्ने पार्टीले भन्छ । १५ गते ११ देखि २ बजेसम्म काठमाडौं एमालेको नियन्त्रण हुनुपर्छ । कसरी कुन संस्था अगाडि लाग्छ, कुन संस्थाको आयोजना हुन्छ, त्यसलाई छोडिदिनुस्,' ओलीले भने, 'आन्दोलनमा प्रोटोकल-स्रोटोकलका कुरा हुँदैनन् । यहाँ (आइतबारको कार्यक्रमस्थल) सभा गर्ने, बैठक गर्ने ठाउँमा पो यता र उता छ । आन्दोलनमा पनि यता र उता हुन्छ र ? सबै एकैतिर (हातले इसारा गर्दै) अगाडि बढ्ने हो ।'

सोही कार्यक्रममा प्रधानमन्त्री ओलीले राजावादीहरू कुनै राम्रो उद्देश्यका लागि प्रदर्शनमा नउत्रेको ओलीको भनाइ छ । 'तथाकथित राजावादीहरू राजावादी-साजावादी केही होइनन् । उनीहरू खाओवादी हुन् । यिनीहरू हाम्रो राजा हाम्रो देश : प्राणभन्दा प्यारो छ भन्दै नारा लाउँथे, हिजो नारायणहिटीमा पनि त्यही पो नारा लगाउँदै रहेछन् । प्राणभन्दा प्यारो छ भने वीरेन्द्रको हत्या हुँदा यिनीहरू कहाँ गएका थिए ? किन मरेनन् त ? झुटा कुरा गर्ने र चाप्लुसी गर्ने त मण्डलेहरूको स्वभावै हो । यिनीहरू कुनै महान् उद्देश्यका लागि लडिरहेका छैनन्,' ओलीले भने ।

प्रधानमन्त्री ओलीले एमाले प्रतिवादमा उत्रेपछि राजावादीहरू आफैँ पन्छिनेसमेत दाबी गरे । 'सरकार र जनता अलि मौन बसेको अवस्थाको फाइदा लिएर यिनीहरूले अनावश्यक फुर्तीफार्ती देखाएका छन् । यसो अक्षता मन्तर्ने हुन्छ नि ! हुँहुँ...मुजुरा लाएर, ढ्याङढ्याङ, ढुङढुङ गर्दै ढ्यांग्रो ठोकेर नाच्ने धामी अक्षता मन्छँदै आयो भने त्यो कता जान्छ-जान्छ । यी त्यस्तै अक्षता मन्साउनेहरू हुन्,' ओलीले भने, 'ढ्यांग्रो लिएर एमाले मैदानमा उत्रियो भने यी कताकता दुलाभित्र पस्छन् । त्यसकारण हामीले आफूलाई बुझ्नुपऱ्यो, चिन्नुपऱ्यो । र, त्यसअनुसार तयार राख्नुपऱ्यो ।'

नेपालमा पहिलोपटक...

पृष्ठ १ बाट क्रमशः

एक कलेजो प्राप्त भएको थियो ।

३१ जेठमा केन्द्रमै काम गर्ने डा. रोशन घिमिरेले केएमसीमा सडक दुर्घटनाबाट मस्तिष्क मृत्यु भएका बिरामीको खबर केन्द्रमा कार्यकारी निर्देशक डा. श्रेष्ठलाई सुनाएका थिए । त्यसपछि डा. र केन्द्रको टिम केएमसीमा पुगेर मस्तिष्क मृत्यु भएका व्यक्तिका आफन्त, प्रहरी र अस्पताल प्रशासनसँग कुरा गऱ्यो । अंग चाहिने बिरामीको अवस्था सुनाउँदै मस्तिष्क मृत्यु भएका व्यक्तिका आफन्तलाई सम्झाइबुझाइ गरे । त्यसपछि अंग लिकालेर आइस प्याकमा राखियो । १ जेठमा लगातार १२ घण्टाको अन्तरमा मिर्गौला र कलेजो प्रत्यारोपण गरियो ।

डा. श्रेष्ठका अनुसार सबै प्रक्रिया असाध्यै संवेदनशील थिए । 'यो शल्यक्रिया नेपालमा अहिलेसम्मकै सबैभन्दा जटिलमध्ये एक हो । सुरुदेखिको समन्वय, म्याचिङ, अंग झिक्ने प्रक्रिया र प्रत्यारोपण सबै चरण निकै संवेदनशील थिए,' उनले सुनाए । उनका अनुसार कलेजो प्रत्यारोपणमा मात्रै आठ घण्टा लाग्यो भने मिर्गौला प्रत्यारोपणमा चार घण्टा । सँगसँगै चितवनकी फुलमाया नेपालीको पनि अर्को अपरेसन थिएटरमा मिर्गौला प्रत्यारोपण गरिएको थियो ।

शिव एक वर्षदेखि प्रत्यारोपण केन्द्रमै डायलाइसिस गराउँदै आइरहेका थिए । आफन्तबाट अंग पाउन नसकेका उनी दिनदिनै निराश हुँदै गएका थिए । 'दुवै अंग फेल भइसकेको थियो, जति अस्पताल धाएँ, समाधान भेटिएन,' उनले भिडियो कलमार्फत पत्रकार सम्मेलनमा भने, 'तर, अन्ततः म बाँचेको छु, मलाई यो चमत्कार लागेको छ ।'

केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठ, डा. रोशन घिमिरे, डा. प्रवीण महर्जन, डा. दीपेश श्रेष्ठ, डा. रूपेशकुमार झा, डा. हरिप्रसाद बराल, डा. रोजन अधिकारी र डा. विकास खड्काको टिम यस कार्यमा खटिएको थियो । एनेस्थेसिया तथा क्रिटिकल केयर विभागबाट डा. आरती राई, डा. निभा श्रेष्ठ, डा. शोभित थापा, डा. रेखा श्रेष्ठलगायतले सहयोग गरेका थिए । नेफ्रोलोजी विभागबाट डा. कल्पनाकुमारी श्रेष्ठ, डा. लुसन सिंह, डा. सुमित आचार्य, डा. सन्तोष सुवेदी र डा. विक्रमवीर बज्राचार्य सहभागी थिए ।

शिवको उपचारमा संलग्न चिकित्सकहरूले उनलाई केवल उपचार होइन, आशा पनि दिए । र, त्यो आशाले उनले पुनः जीवन पाएका छन् । शिव अस्पतालबाट छुट्ने तयारीमा छन्- नयाँ जीवन, नयाँ ऊर्जा र नयाँ आशासहित । शिव भन्छन्, 'मेरो दोस्रो जीवन त ती युवकको परिवार र चिकित्सकहरूको उपहार हो ।'

डा. श्रेष्ठ अनुभव सुनाउँछन्, 'यो अपरेसन गर्दा म चार रात सुतिनँ, किनभने सुरुवाती प्रक्रियादेखि अन्तिम प्रक्रियासम्म आफैँले हेर्नुपर्ने अवस्था थियो, म्याचिङको हिसाबले किड्नीमा कठिन हुन्छ, जहाँ पिआर, सिडिसी, ब्लडग्रुपलगायत सबै मिल्नुपर्छ, तर कलेजोमा ब्लडग्रुप मिले पुग्छ ।' प्रत्यारोपित दुवै बिरामीको अवस्था सामान्य छ । उनीहरू डिस्चार्ज हुने तयारीमा रहेको अस्पतालका कार्यकारी निर्देशक श्रेष्ठले बताए ।

नेपालमा अंगदानको विषय अझै अल्पज्ञात छ । कानुनी प्रक्रिया जटिल छ र जनचेतना न्यून । डा. श्रेष्ठ भन्छन्, 'कहिलेकाहीँ प्रहरी वा अन्य निकायको डरले अंग झिक्न ढिलाइ हुन्छ । कानुनमै प्रहरी, अस्पताल र पोस्टमार्टम चिकित्सकको सहमति भए अंग झिक्न मिल्ने व्यवस्था छ । तर, व्यवहारमा जटिलता रहन्छ ।'

उनका अनुसार प्रत्यारोपणसम्बन्धी कानुनमा प्रहरी, अस्पताल, पोस्टमार्टम गर्ने चिकित्सक भए अंग निकाल्न सक्ने व्यवस्था छ । तर, कहिलेकाहीँ आपराधिक घटनाको प्रमाण नष्ट गर्ने डरमा प्रहरीले अंग निकाल्न दिँदैन ।

पछिल्लो समय स्वास्थ्यमन्त्री प्रदीप पौडेलको पहलमा मस्तिष्क मृत्युपछि अंगदान गर्ने परिवारलाई दुई लाख र संलग्न अस्पताललाई ७५ हजार रुपैयाँ सहयोग दिने निर्णय भएको छ । यसले यो काममा सकारात्मक सहयोग पुऱ्याएको छ ।

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली, सुदुरपश्चिम प्रदेश

धनगढी उप-महानगरपालिकाको आन्तरिक आयको ठेक्का सम्बन्धी सूचना

यस धनगढी उप-महानगरपालिकाबाट तोकिएको दररेट बमोजिम कर/शुल्क संकलन गर्न चाहने ईच्छुक फर्म वा कम्पनीको जानकारीको लागि देहाय बमोजिमका सार्वजनिक सूचनाहरु प्रकाशित गरिएको छ। साथै तल उल्लेखित सूचनाको विस्तृत विवरण धनगढी उ.म.न.पा.को वेभसाइट dhangadhimun.gov.np वा bolpatra.gov.np/egp बाट समेत हेर्न सकिनेछ।

क्र.सं.	सूचनाको विवरण	प्रकाशित मिति
१	प्रदुषण शुल्क संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धी ७ दिने विद्युतीय बोलपत्र आव्हानको सूचना : ठेक्का नं. R2/DSMC/2082/083	तेस्रो पटक प्रकाशित मिति : २०८२/२/१२
२	कवाड कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धी ७ दिने विद्युतीय बोलपत्र आव्हानको सूचना । ठेक्का नं. : R3/DSMC/2082/083	तेस्रो पटक प्रकाशित मिति : २०८२/२/१२

प्रमुख प्रशासकिय अधिकृत

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
सिन्धुलीमाढी, सिन्धुली

ठेक्का किन नतोड्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०८२/०२/१२

यस कार्यालय अन्तर्गत देहायको योजनामा संलग्न निर्माण व्यवसायीले सम्झौता बमोजिम तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा यस कार्यालयबाट पटक पटक ताकेता गर्दा समेत निर्माण कार्य अलपत्र अवस्थामा छोडेको हुँदा सार्वजनिक खरिद ऐन, नियमावली एवं ठेक्का सम्झौता बमोजिम ठेक्का किन नतोड्ने? ठेक्का तोड्नु नपर्ने कुनै मनासिब कारण भएमा स्पष्ट कारण खुलाई बाँकी काम सम्पन्न गर्ने विश्वसनीय आधार सहित ७ दिनभित्र निर्माण व्यवसायी यस कार्यालयमा उपस्थित हुन सूचित गरिन्छ । अन्यथा कार्यसम्पादन जमानत जफत गर्नुका साथै प्रचलित कानुन बमोजिम ठेक्का तोड्ने प्रकृया अगाडी बढाइने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

सि. नं.	योजनाको नाम	ठेक्का नम्बर	निर्माण व्यवसायीको नाम ठेगाना
1	Upgrading Works on Sindhulimadi Bhumesthan Chakmake Udayapur Katari Road, Sindhuli (CH: 18+320 to 27+360)	PRDO/SIN/W/NCB/15/078-79	Contech-Jayee-Jay Shambhu JV, New Baneshwor, Kathmandu

कार्यालय प्रमुख

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति :- २०८२।०२।१२)

यस कार्यालयको मिति २०८१/१२/११ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित ठेक्का नं. 02/JRM/1S2E/W/2081/082 को Construction of Janaki Rural Municipalaity Administrative Building का लागी विद्युतीय बोलपत्र आव्हानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुका प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएकाले आर्थिक प्रस्ताव मिति २०८२।०२।१९ गते दिउँसो २:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

क्र.सं.	प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल भएका बोलपत्रदाताको नाम, ठेगाना	कैफियत
1.	Nirajan-R.B.-Bandekali JV, Tikapur-1, Kailali	
2.	Masding Devi Nirman Sewa Pvt. Ltd., Madhyapurthimi, Bhaktapur	
3.	Abhiyan Construction Pvt. Ltd., Kathmandu-10	
4.	Dreamway-JanaAadarsha JV, Chandragiri-11, Kathmandu.	
5.	AD Builders Company Pvt. Ltd., Gokarneshwor-4, Kathmandu.	
6.	Rayush- Nagarik JV, Barbardiya-9, Bardiya.	
7.	BM-SCPL-SNS JV, Kalikasthan-3, Rasuwa	
8.	Sunlight- Khumchandra JV, Bardiya	
9.	Kinara Nirman Sewa, Dhangadhi-5, Kailali.	
10.	Royal Construction, Dhangadhi, Kailali.	
11.	Shashwat-JB JV, Ghodaghodi-10, Kailali	
12.	Akriti-Nura-DDNS JV, Jayprithivi-9, Bajhang	
13.	MMPL-OEBPL JV, Koteshwor-32, Kathmandu	
14.	Prasansa Construction, Badimalika-8, Bajura	

प्रमुख प्रशासकीय अधिकृत

रास्वपाले...

पृष्ठ १ बाट क्रमशः

छ । राज्य संयन्त्रको दुरुपयोग गर्दै विना कुनै विधिसम्मत प्रक्रिया लामिछानेलाई तीन दिनसम्म हिरासतमा राखिएको २५ चैतमा मात्र उच्च अदालतको आदेशअनुसार प्रक्रिया थालिएको रास्वपाको ठहर छ ।

यसैबिचमा दायर गरिएको बन्दी प्रत्यक्षीकरण रिटमा सर्वोच्च अदालतले उक्त गैरकानुनी हिरासतसम्बन्धी विषय सम्बोधन नगरेको भन्दै पार्टीले असन्तुष्टि जनाएको छ । रास्वपाले यस घटनाले न्यायिक प्रक्रियामाथि गम्भीर प्रश्न उठाएको बताएको छ । यसबाट कानुन सबैलाई बराबर रहेनछ भन्ने आमगुनासोलाई चरितार्थ गरेको रास्वपाको ठहर छ । 'सहकारी बचतकर्ताका करोडौँ, अरबौं रकम अपचलनमा संलग्न सहकारी सञ्चालक, व्यवस्थापकहरू १०/२० लाख धरौटी बुझाएर एकैदिन पनि प्रहरी हिरासतसमेत नबसी अदालतबाट रिहा हुने, तर सहकारी रकम अपचलनमा कहीँकतै संलग्नता नभएका र संसदीय छानबिन समितिले समेत सहकारीबाट रकम अपचलन गर्नमा संलग्नता देखिएन भनी स्पष्ट किटान भएका रवि लामिछानेविरुद्ध सरकारले सम्पूर्ण शक्ति लगाई एकपछि अर्को जिल्ला डुलाउँदै, पैतृक सम्पत्तिसमेतमा सम्पत्ति शुद्धीकरण मुद्दा लगाउने, राज्य नै खनिएर पुनरावेदन मुद्दा चलाउनेलगायतका निन्दनीय कार्य गरेको र आफू सत्ताधारी भने अनेकौं काण्ड लाग्दा पनि आँखा चिम्लिने प्रवृत्तिले आमनागरिकलाई मात्रै होइन, जोकोहीलाई पनि कानुन सबैलाई बराबर रहेनछ भन्ने अनुभूत गराउने अवस्था छ,' निर्णयमा छ ।

तीनकुने घटनामा साढे २० करोड बिगो दाबी, ६१ विरुद्ध मुद्दा दर्ता

दुर्गा प्रसाईं, रवीन्द्र मिश्र, धवलशमशेर राणासहित ५० जनाविरुद्ध राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र संगठित अपराध कसुरसहित पाँच मुद्दा

टेकराज थामी/नयाँ पत्रिका

गत १५ चैतको तीनकुने घटनाका ६१ प्रतिवादीविरुद्ध राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र संगठित अपराध कसुरसहित झन्डै साढे २० करोड रुपैयाँको बिगोदाबीसहित अदालतमा मुद्दा दर्ता भएको छ। जिल्ला सरकारी वकिल कार्यालयले आइतबार ६१ जनाविरुद्ध जिल्ला अदालत काठमाडौंमा दुईवटा छुट्टाछुट्टै मुद्दा दर्ता गरेको हो।

पहिलो मुद्दामा दुर्गा प्रसाईं, रवीन्द्र मिश्र, धवलशमशेर राणासहित ५० जनालाई प्रतिवादी बनाइएको छ। उनीहरूविरुद्ध राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र संगठित अपराध कसुरसहित पाँच मुद्दा लगाइएको छ। श्रवणकुमार लामा, समीर मगर, रविरञ्जनकुमार सिंहसहितका ११ जनाविरुद्ध आपराधिक उपद्रव मुद्दा मात्रै लगाइएको छ। प्रसाईं, मिश्र र राणासहितका ५० जनाविरुद्ध १९ करोड ६१ लाख ५२ हजार ६१७ रुपैयाँबराबरको बिगो दाबी गरिएको छ। अर्को मुद्दामा लामा, मगर, सिंहसहितका ११ प्रतिवादीविरुद्ध ७७ लाख ८९ हजार ३१८ रुपैयाँ मात्रै बिगो दाबी गरिएको छ।

जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख सहन्यायाधिवक्ता रामहरि काफ्लेले तीनकुने घटनाका ६१ प्रतिवादीविरुद्ध छुट्टाछुट्टै दुईवटा मुद्दा अदालतमा दर्ता भएको बताए। 'तीनकुने घटनामा दुईवटा छुट्टाछुट्टै मुद्दा दर्ता भएका छन्। पहिलोमा ५० र दोस्रोमा ११ जनालाई प्रतिवादी बनाइएको छ। ५० जनाविरुद्ध राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र संगठित अपराध कसुरमा मुद्दा दर्ता भएका छन्। बाँकी ११ जनाविरुद्ध भने आपराधिक उपद्रव कसुरअन्तर्गतको मुद्दा मात्रै लगाइएका छन्,' उनले भने।

तीनकुने हिंसात्मक घटनामा प्रहरीले १७० भन्दा धेरैलाई पक्राउ गरेको थियो। त्यसमध्ये अधिकांशलाई हाजिर जमानीमा छाडेको थियो। घटनामा संलग्नमध्ये १०८ विरुद्ध मुद्दा अभियोजन गरिनुपर्ने प्रहरीले सरकारी वकिल कार्यालयमा राय पेस गरेको थियो। त्यसमध्ये ६५ विरुद्ध मात्रै मुद्दा अभियोजन गर्ने निष्कर्षमा सरकारी वकिल कार्यालय पुगेको थियो। जसमध्ये चारजना नाबालक छन्। उनीहरूविरुद्ध सोमबार मुद्दा पेस हुने वकिल कार्यालयका प्रमुख सहन्यायाधिवक्ता काफ्लेले बताए। 'घटनामा सबै गरी ६५ जनाविरुद्ध मुद्दा चलाउने निर्णय भएको छ।



■ यी हुन् पाँचवटा कसुर चलाइएका ५० प्रतिवादी

दुर्गा प्रसाईं, हरिहर चौलागाईं, तारा राजवादी भनिने सरोज गौतम, सतिश न्यौपाने, अनुप राजवादी भनिने गोकर्ण शाही, डण्डपाणि रेग्मी, सन्तोष राजवादी भनिने सन्तोषकुमार सिलवाल, भीम भनिने हेमराज थारू, रवीन्द्र मिश्र, डा. धवलशमशेर राणा, गोपाल मल्ल ठकुरी, पशुपति खड्का, विष्णु पराजुली, पुष्कर खतिवडा, मुनिन्द्र राजभण्डारी, कुमार बस्नेत, अनिलकुमार थापा, तारानाथ बोहरा, दनबहादुर न्यौपाने, उमेश तामाङ, भानुभक्त पौडेल, विष्णु बस्नेत, देवीप्रसाद संग्रौला, प्रेम थापामगर, ओमप्रकाश लुइँटेल, तेजेन्द्र रायमाझी, मनबहादुर काला, नीराजनकुमार गिरी, प्रेमबहादुर श्रेष्ठ, सुशील बराल, रमेश राई, दिवश बोगटी क्षेत्री, दिलकुमार श्रेष्ठ, दुरेन राई, सानु पूर्वछाने, विनञ्जय थापा, प्रेमलाल बैदार, राजेन्द्र जिसी, प्रेमदीप लिम्बू, प्रकाशचन्द्र दाहाल, विष्णुहरि रिमाल, कमलकुमार विष्ट, लोकबहादुर बस्नेत, दिनेश खड्का, केशव बस्नेत, अमित साह, सुनम कार्की, कुमार तामाङ, जितबहादुर श्रेष्ठ, मनोजकुमार सापकोटा।

● ११ विरुद्ध आपराधिक उपद्रव कसुर

श्रवणकुमार लामा, समीर मगर, रविरञ्जनकुमार सिंह, लक्ष्मी राई, आशिषकुमार महतो, गोविन्दा राय, सुशीला कुमाल, निर्मला कार्की, प्रेमकुमार महतो, राधेश्याम यादव र दिनेश महतो

चारजना नाबालक छन्। उनीहरूविरुद्ध सोमबार मुद्दा दर्ता हुन्छ। बाँकी ६१ विरुद्ध भने आइतबार नै मुद्दा दर्ता भएको छ,' उनले भने।

कसुर प्रमाणित भए पक्राउ परेकाविरुद्ध साढे सात वर्ष कैद र ७५ हजार रुपैयाँसम्मको जरिवाना हुन सक्नेछ। मुलुकी अपराध संहिता ऐन, २०७४ भाग २ को फौजदारी कसुर परिच्छेद १ मा राज्यविरुद्धको कसुरलाई व्याख्या गरिएको छ। उक्त ऐनको दफा ४९ को उपदफा ४ मा सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा प्रादेशिक अखण्डता, राष्ट्रिय वा राष्ट्रिय एकता, नेपालको स्वाधीनता, स्वाभिमान वा संघीय इकाइबिचको सुसम्बन्ध खलल पारिए राज्यविरुद्धको अपराध ठहरिन्छ। 'कसैले नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, राष्ट्रियता वा राष्ट्रिय एकता, नेपालको स्वाधीनता, स्वाभिमान वा संघीय इकाइबिचको सुसम्बन्ध खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरू कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै कामकारबाही गर्न वा गराउन वा त्यस्तो गर्ने उद्योग गर्न वा दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने षड्यन्त्र गर्न वा विभिन्न जात वा सम्प्रदायबिचको सुसम्बन्ध खलल गर्नु वा गराउनु हुँदैन,' ऐनमा भनिएको छ।

यदि कसैले ऐन उल्लंघन गरे कसुरदारलाई पाँच वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्मको जरिवाना हुने भनिएको छ।

ज्यान जोगाउन आओ-आओ भनेको हुँ



● **दुगाई प्रसाई**, १५ चैतको प्रदर्शनका कमान्डर

साइत हेरी दिनको १२:३१ बजे घरबाट निस्किनू भन्ने ज्योतिषीको सल्लाह थियो। आमाको हातबाट दही खाई निस्कें। म बा.प्र. ०१ ०२७ च. ३६४७ नम्बरको हाइलक्स गाडीको पछाडि चढें। साथमा दीपक खड्का, रामकुमार धिमाल, गोपी खड्कालगायत थिए। गाडीमा बसी सर्वसाधारणलाई हात हल्लाउँदै अघि बढें। तीनकुनेस्थित कार्यक्रमस्थल १५० मिटरजति दूरीमा थियो। मञ्चतिर अगाडि बढ्दा भागदौड भयो। मञ्चमा धुँवाको मुस्लो उडिरहेको, कोही भुइँमा लडेको देखें। कानको नजिकबाट गोली गयो। मलाई लक्षित गरी विभिन्न व्यक्तिहरू घुसपैठ भएको पाएँ। वरपरका घरको छतमा अपरिचित मानिसहरू हतियारसहित देखें। मलाई मार्ने योजना बनाएको भन्ने लागेपछि म गाडीको पछाडिको ढालाबाट हामफालें। ड्राइभरलाई बाहिर निकाली सिटमा म आफैं बसें। ज्यान जोगाउन सुरक्षाका लागि सबैजना आओ-आओ भन्दै अघि बढें। अरूलाई समेत बोलाई प्रहरीको घेराभित्र जान गाडी चलाएको हुँ।

कार्यक्रमको आयोजक दुर्गा प्रसाईं हो



● **रवीन्द्र मिश्र**, वरिष्ठ उपाध्यक्ष, राप्रपा

मैले कोही-कसैलाई विमानस्थलस्थित हवाई इन्धन डिपो, भन्सार कार्यालय तथा प्रहरी ब्यारेकसमेतमा तोडफोड गर्न लगाएको अह्राएको छैन। सो सम्बन्धमा म अनभिज्ञ छु। म संसद् भवनतर्फ गएको पनि छैन। मैले कोही-कसैलाई संसद् भवन कब्जा गर्न जानू भनी प्रोत्साहन दिने अभिव्यक्ति दिएको पनि छैन। कार्यक्रमको आयोजक दुर्गा प्रसाईं हो। राष्ट्रिय प्रजातन्त्र पार्टी सो कार्यक्रमको आयोजक रहेको भन्ने ब्यानर उहाँहरूले पठाइदिन आग्रह गरेपछि सो ब्यानर पठाइएको हो। सो ब्यानर लगाइएको स्टेज कसरी बनाइयो मलाई थाहा छैन।

एयरपोर्ट कब्जा गर्नू भन्ने दुर्गा प्रसाईं हो



● **धवलशमशेर राणा**, महामन्त्री, राप्रपा

मबाट आपराधिक कार्य भए-गरेको छैन। मैले कोही-कसैलाई प्रोत्साहन गर्ने र निर्देशन दिनेसमेत गरेको छैन। संसद् भवन र एयरपोर्ट कब्जा गर्नुपर्छ भनी अभिव्यक्ति दिने व्यक्ति म होइन, प्रतिवादी दुर्गा प्रसाईं हुन्। भिडियोमै देखिन्छ। संसद् भवनलगायतका संवेदनशील संरचना कब्जा गर्न भनी मैले कोही-कसैलाई खटाएको छैन। अन्यले खटायो वा खटाएन सो सम्बन्धमा मलाई थाहा छैन। संसद् भवनमा उक्त व्यक्तिलाई निगरानी गर्न भनी मैले पठाएको होइन, छैन।

उपत्यकाका पाँच स्थानमा अवैध प्लटिङमा रोक

नयाँ पत्रिका

उपत्यकाका विभिन्न स्थानमा अवैध प्लटिङ बढेको भन्दै उपत्यका विकास प्राधिकरणले रोक लगाउन थालेको छ। स्थानीय तहका जनप्रतिनिधिसँगको मिलेमतोमा प्लटिङ भइरहेको पाइएपछि प्राधिकरणले रोक लगाएको हो।

प्राधिकरणले ललितपुरको तीन स्थानमा भएको प्लटिङमा रोक लगाएको छ भने एक स्थानको छानबिन गरिरहेको छ। 'हरिसिद्धिमा स्वीकृति नै नलिई प्लटिङ भएको पाइएपछि मालपोत, नापी र वडालाई पत्र लेखेर रोक्का गर्न भनेका छौं,' प्राधिकरणका ललितपुर आयुक्त तुलसीराम खर्बुजाले भने, 'गोदावरीमा पनि दुई स्थानमा अवैध प्लटिङको सूचना पाएपछि रोक्न नगरपालिकालाई भनेका छौं।'



कीर्तिपुरमा गरिएको प्लटिङ

ललितपुरको महालक्ष्मी वडा नम्बर ४ मा ईश्वरलाल जोशीले अवैध प्लटिङ गरेको विषयमा पनि प्राधिकरणलगायत निकायमा स्थानीयले उजुरी गरेका छन्। सिट नम्बर १३०७०७ मा पर्ने करिब २० रोपनी जग्गामा कित्ताकाट भएको छ। स्थानीय मोहीलाई समेत असर गर्ने गरी अवैध रूपमा प्लटिङ गरिएको भन्दै जिल्ला प्रशासन कार्यालय, ललितपुर, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, उपत्यका विकास प्राधिकरणलगायत निकायमा उजुरी परेको हो। वडाध्यक्ष अमृत खत्रीदेखि यसमा मालपोत र नापीका कर्मचारीसम्मको मिलेमतोको आरोप लागेको छ।

त्यस्तै, भक्तपुरको सूर्यविनायक नगरपालिका वडा नम्बर ९ काँक्राबारीमा पनि अवैध रूपमा प्लटिङ गरेको खुलेपछि जिल्ला प्रशासन कार्यालयले रोक्न निर्देशन दिएको छ। विनास्वीकृति करिब ४५० रोपनी जग्गामा प्लटिङ गरिएको हो। भिरालो जमिन सम्याएर जोखिमपूर्ण रूपमा प्लटिङ गरेको खुलेपछि उपत्यका विकास प्राधिकरणले पनि छानबिन थालेको छ। सो प्लटिङमा वनको जग्गासमेत मिचेको आरोप लागेको छ।

कीर्तिपुरको वडा नम्बर- ६ अमरमार्गमा अवैध प्लटिङमा नगरपालिकाले रोक लगाएको छ। अनुगमनका क्रममा स्वीकृति नलिई करिब सय रोपनी जग्गामा ल्यान्डपुलिङ गरेको पाइएपछि रोक लगाएर छानबिन भइरहेको नगरपालिकाकी उपमेयर शुभलक्ष्मी शाक्यले बताइन्। जग्गा प्लटिङ गर्दा सार्वजनिक बाटोसमेत भत्काएको विषयमा जरिवाना तिराउन लागिएको छ। तर, व्यवसायीले स्वीकृतिका लागि प्रक्रिया अघि बढाएका छैनन्।

अवैध प्लटिङ रोक्ने काम स्थानीय तहको भए पनि पदाधिकारीकै मिलेमतोमा अवैध प्लटिङ बढेको उपत्यका विकास प्राधिकरणका अधिकारी बताउँछन्। प्रक्रिया पूरा गरेर प्लटिङ गर्दा पाँच प्रतिशत खाली क्षेत्र छाड्नुपर्नेलगायत नियम भएकाले नियम मिचेर धेरै नाफा कमाउन व्यवसायीले अवैध रूपमा प्लटिङ गरेका हुन्।

बालिका बलात्कारको आरोपमा चार पक्राउ

उदयपुर/ उदयपुरको कटारी नगरपालिका- ४ गबुवामा १४ वर्षीया बालिका बलात्कार गरेको आरोपमा चारजना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी प्रमुख एसपी हरिहरनाथ योगीका अनुसार पक्राउ पर्नेमा कटारी नगरपालिका- ४ का सुजन भन्ने राजकुमार तामाङ, नवीन श्रेष्ठ, जीवन तामाङ र एक नाबालक छन्। 'पक्राउ परेका चारैजनालाई जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गरिरहेका छौं,' एसपी योगीले भने। शनिबार १४ वर्षीया बालिका बलात्कारमा परेको भन्ने जाहेरी आउनसाथ इलाका प्रहरी कार्यालय कटारीको टोलीले पक्राउ गरेको उनले बताए।

दुर्घटनामा दुईको मृत्यु, एक घाइते

बर्दिया/ सवारी दुर्घटनामा परी बर्दियामा दुईजनाको मृत्यु भएको छ। मधुवन नगरपालिका- ८ लालसिंह चोकमा आइतबार भएको मोटरसाइकल दुर्घटनामा परी टंकबहादुर बिसी र देवानन्द यादवको मृत्यु भएको हो। शनिबार राति साढे ११ बजे भे.१३प २६६९ र भे.६प ५४१ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएको थियो। मोटरसाइकलमा टंकबहादुर, देवानन्द यादव र अनुप यादव सवार थिए। घटनालगत्तै प्रहरीले तीनजनालाई बर्दिया अस्पताल गुलरिया लगेको थियो। देवानन्द र टंकबहादुरलाई अस्पतालले मृत घोषणा गरेको थियो।

प्रमुख कुटिएपछि कैलाली भन्सार कार्यालय ठप्प

कुटपिटमा संलग्न नगर प्रहरी प्रमुखविरुद्ध किटानी जाहेरी



धनगढीमा **तेजराज भट्ट**

कैलाली भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत अनन्तप्रसाद तिम्सिनामाथि कुटपिट भएको विरोधमा भन्सार कार्यालय ठप्प भएको छ। धनगढी उपमहानगरका नगर प्रहरी प्रमुख लक्ष्मणसिंह धामीसहितको टोलीले शनिबार राति १० बजेतिर भन्सार कार्यालय परिसरमा तिम्सिनामाथि कुटपिट गरेको थियो।

कार्यालय प्रमुखमाथि कुटपिट भएको विरोधमा भन्सार कार्यालयका कर्मचारी एजेन्टले आइतबार दिनभर कार्यालयको कामकाज ठप्प पारेका छन्। सुरक्षाको माग गर्दै कर्मचारी कुटपिटको विरोधमा उत्रिएपछि कैलाली भन्सार कार्यालयबाट आइतबार कुनै पनि सामान आयात-निर्यात भएन।

कैलाली भन्सार कार्यालयले अहिले दैनिक करिब तीन करोड रुपैयाँ राजस्व संकलन गर्छ। कार्यालयको सेवा बन्द भएपछि आइतबार राजस्व संकलन नभएको कैलाली भन्सार कार्यालयका सूचना अधिकारी भन्सार अधिकृत खिम अर्याललले बताए। 'कार्यालय प्रमुखमाथि कुटपिटपछि असुरक्षा महसुस गरेका छौं, काम गर्ने वातावरण छैन,' उनले भने, 'कुटपिटमा संलग्नलाई कारबाही र सुरक्षाको ग्यारेन्टी हुनुपर्ने माग गरेर पेनडाउन गरेका हौं।' आयात रोकिएपछि व्यवसायी मारमा परेका छन्। यो नाकाबाट निर्यात भने खासै हुँदैन।

सार्वजनिक भएको सिसिटिभी फुटेजमा कार्यालय परिसरभित्र भन्सार प्रमुख तिम्सिनामाथि कुटपिट भएको देखिन्छ। नगर प्रहरी र भन्सार प्रमुखबिच भन्सारको ब्यारियलनजिक विवाद भएको र कार्यालय परिसरभित्र प्रवेश गरेपछि कुटपिट भएको हो। एउटा स्कारपियोले धनगढी-अत्तरिया ६ लेन सडकको मिडियनमा लगाएको जाली भत्काएर भागेको सूचनापछि नगर प्रहरी प्रमुख धामी नेतृत्वको टोली गाडी खोज्न राति कैलाली भन्सारको बेरियलसम्म पुगेको थियो।

सूचना अधिकारी अर्याललले कार्यालय प्रमुख तिम्सिना खाना खाएर राति ब्यारियल बन्द गरेको छ/छैन भनेर हेर्न आएको र त्यहाँ खटिएका कर्मचारीलाई ब्यारियल राम्रोसँग बन्द गर्नू भनी निर्देशन दिएर फर्कने क्रममा नगर प्रहरीले कुटपिट गरेको बताए। 'हाम्रो गाडी चेकजाँच गर्ने को हो भनेर भन्सारभित्रै प्रवेश गरेर निर्घात कुटपिट भएको हो,' अर्याललले भने, 'सिसिटिभी रहेको थाहा पाएपछि नभएको ठाउँमा लगेर लछारपछार गरिएको छ।'

नगर प्रहरी निरीक्षक धामीले भने मापसे गरेको अवस्थामा सडकमा भेटिएका भन्सार प्रमुखसँग सामान्य धरपकड मात्र भएको दाबी गरेका छन्।

चन्दा उठाएर सामुदायिक विद्यालयलाई बनाइयो आवासीय

खोटाङ/ खोटाङको रावाबेंसी गाउँपालिका- १ कुभिन्डेस्थित दम्कुमा चन्दा उठाएर सामुदायिक विद्यालयलाई आवासीय बनाइएको छ। ८० घरपरिवारको बसोबास रहेको दम्कुमा कालिका आधारभूत विद्यालय छ। गाउँपालिकाबाट यसै वर्ष कक्षा आठसम्म सञ्चालनको अनुमति पाएको विद्यालयमा ६२ विद्यार्थी छन्।

विद्यालयलाई पूर्ण आवासीय बनाउने अभियान सुरु गरेको छोटो समयमै नौ लाख १४ हजार सहयोग प्राप्त भएको आर्थिक संकलन समितिका संयोजक विशाल राईले बताए। उनका अनुसार आवासीय भएर अध्ययन गर्न १४ छात्र र २० छात्रा भर्ना भएका छन्। कक्षा दुईभन्दा माथिका विद्यार्थीलाई पूर्ण आवासीय रूपमा अध्यापन गराउने लक्ष्य राखिएको भए पनि साना बालबालिकालाई अनिवार्य गरिएको छैन।

विद्यार्थी घट्दै गएका वेला आवासीय बनाएपछि यस वर्ष मात्रै २२ जना नयाँ विद्यार्थी थपिएका प्रधानाध्यापक टीकाराम राईले बताए। 'पछिल्लो समय सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या घट्दै गएको छ। यसलाई रोक्न विद्यालयलाई पूर्ण आवासीय बनाएका हौं,' उनले भने। छात्रछात्राका लागि छुट्टाछुट्टै बस्ने व्यवस्था मिलाइएको आवासीय विद्यालयका लागि आवश्यक सिरक, डसना, तन्ना र सिरानी गाउँपालिकाले उपलब्ध गराएको छ। आवासका लागि आवश्यक पर्ने फर्निचर, भान्साको सामग्री तथा रासन विद्यालय प्रशासन आफैंले व्यवस्था गर्छ।

Qatar मा रोजगार COMO FMS
पूर्व स्वीकृती मितिः २०८२/२/११ चलानी नं. ६०२३८४९० LT No.: 324433

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	उमेरको योग्यता	मासिक तलब QR	मासिक तलब रु.	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Air Condition Tech	20	0		1200	88,९००।-						
२.	Skilled Building Worker	20	0		1000	७३,४००।-						
३.	Workers Female	0	18		1000	७३,४००।-						

अन्तरवार्ता २०८२ जेष्ठ ९४ गते (2 June, 2025) यस पा. लि. को कार्यालय गौथला काठमाडौंमा हुनेछ ।
POWER EMPLOYMENT PVT. LTD.
Lic. No.: 1194/073/074
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Email : poweremployment.np@gmail.com

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, चावहिल

मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १७ को उपदफा (८) बमोजिम करकट्टी रोक्का राखी दर्ता निलम्बन गरिएको सम्बन्धमा अत्यन्त जरुरी सूचना

आन्तरिक राजस्व विभागको मिति २०८२/०२/१० मा गोरखापत्रमा प्रकाशित सूचना बमोजिम मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १७ को उपदफा (८) मा लगातार ६ महिनासम्म कर विवरण पेश नगर्ने करदाताका नाम सार्वजनिक गरी त्यस्ता करदाताका करकट्टी गर्नु पर्ने रकम बाँकी भए रोक्का राख्न र निजको दर्ता समेत निलम्बन गर्न सकिने व्यवस्था छ। उक्त व्यवस्थाको कार्यान्वयन गर्ने सिलसिलामा आन्तरिक राजस्व विभागले गोरखापत्र दैनिकमा मिति २०८२/०१/११ मा सार्वजनिक सूचना प्रकाशित गरी आफ्नो व्यवसाय दर्ता रहेको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा सम्पर्क राखी सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कर विवरण पेश गरी आफ्नो कारोबार नियमित गर्न सूचित गरिएकोमा मिति २०८२/०२/०७ सम्म पनि विभिन्न करदाताहरूले कर विवरण बुझाएको पाइएन। आन्तरिक राजस्व विभागको मिति २०८२/०२/०९ को निर्णय बमोजिम उक्त सूचनामा तोकिएको म्यादभित्र कर विवरण नबुझाएका करदाताहरूको करकट्टी रोक्का राखी मूल्य अभिवृद्धि कर दर्ता निलम्वन गरिएको छ। उल्लिखित करदाताहरूको नाम नामेसी आन्तरिक राजस्व विभागको Website : www.ird.gov.np मा राखिएको छ।यस सम्बन्धमा सम्बन्धित् सरोकारवालाले निम्नानुसार गर्नु हुन अनुरोध छ।

१) www.ird.gov.np को गृह पृष्ठमा रहेको स्थायी लेखा नम्बर खोजी गर्ने विकल्पमा PAN Search मा कुनै करदाताको स्थायी लेखा नम्बर Entry गरी हेर्दा निलम्वित करदाताको हकमा आन्तरिक राजस्व विभागको मिति २०८२/०२/०९ को निर्णय बमोजिम मूल्य अभिवृद्धि कर दर्ता निलम्वन गरिएको छ भन्ने विवरण देखिनेछ। यसरी निलम्बित देखिएमा यी करदातासँग खरिद वा बिक्री कारोबार नगर्न सम्बन्धित सबैमा अनुरोध छ।

२) यसरी दर्ता निलम्वन भएका करदाताहरूले कर विवरण पेश गरी कारोबार नियमित गरी दर्ता कायम राख्न चाहेमा बाँकी सबै अवधिको कर विवरण पेश गरेपछि Suspended list बाट स्वतः हट्ने व्यवस्था मिलाइएको व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

३) यसरी दर्ता निलम्वन भएका करदाताहरूको हकमा निलम्वन रहेको अवधिसम्म त्यस्ता करदाताको निकासी र पैठारी सम्बन्धी कारोबार रोक्का गरिदिनका लागि भन्सार विभागलाई अनुरोध गरिएको छ।

४) यस कार्यालय अन्तर्गत दर्ता कायम रहेका कुनै करदाताको दर्ता निलम्वन हुनुनपर्ने कुनै कारण भएमा वा यस सम्बन्धमा कुनै दावी विरोध भएमा वा कुनै असुविधा परेमा आन्तरिक राजस्व कार्यालय चावहिलमा सम्पर्क गर्नुहुन अनुरोध छ।

विद्यालय हाताभित्र खुला नहर, जोखिममा विद्यार्थी

बर्दियामा **प्रकाश पौडेल**

बर्दियाको मधुवन नगरपालिका- १ सूर्यपटुवामा रहेको त्रिभुवन माध्यमिक विद्यालयको हाताभित्र रहेको नहर खुला भए पनि सरोकारवाला निकाय मौन छन्। ८१५ विद्यार्थी अध्ययनरत विद्यालयको हाताभित्र रहेको नहरको दुवै साइडमा कक्षाकोठा छ। विद्यार्थी नहरको बाटो भएर कक्षाकोठामा जाने-आउने गरेका छन्।

नहरको बाटो हिँड्ने क्रममा यसअघि विद्यालयमा अध्ययनरत दुई विद्यार्थी नहरमा खसेर घाइते भएका थिए। बर्खा सुरु भएसँगै विद्यार्थी नहरमा खस्ने हुन् कि भन्ने चिन्ता हुने गरेको विद्यालयका प्रधानाध्यापक इन्द्रबहादुर सुनारले बताए। 'बर्खाका वेला विद्यालयभित्र रहेको नहरमा पानी आउँछ। अन्य समयमा नहरमा पानी नभए पनि विद्यार्थी खेल्ने क्रममा नहरमा खसेर चोटपटक लाग्ने जोखिम छ। यसअघि दुईजना विद्यार्थी खसेर घाइते भइसकेका छन्,' उनले भने।

त्रिभुवन माध्यमिक विद्यालयका प्रधानाध्यापक इन्द्रबहादुर सुनार भन्छन्–

बर्खाका वेला विद्यालयभित्र रहेको नहरमा पानी आउँछ। अन्य समयमा नहरमा पानी नभए पनि विद्यार्थी खेल्ने क्रममा नहरमा खसेर चोटपटक लाग्ने जोखिम छ। यसअघि दुईजना विद्यार्थी खसेर घाइते भइसकेका छन्।

विद्यालयमा रहेको करिब दुई मिटर नहरमध्ये १५२ मिटर लुम्बिनी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय गत वर्ष निर्माण गरेको थियो। 'अझै ५० मिटर नहर अस्थायी प्रकृतिको रहेको छ। मन्त्रालयले निर्माण गरेको नहर खुला हुँदा



बर्दियाको मधुवन नगरपालिका- १ सूर्यपटुवामा रहेको त्रिभुवन माध्यमिक विद्यालयको हाताभित्र रहेको खुला नहर

बर्खायाममा विद्यार्थी डुब्ने तथा पानी नभएको समयमा खसेर चोट लाग्ने जोखिम छ,' उनले भने, 'विद्यालयमा रहेको करिब चार मिटर चौडाइ र करिब दुई मिटर गहिराइको नहर छोप्न सकियो भने पनि बालबालिकालाई सुरक्षित राख्न सकिन्छ।'

मधुवन नगरपालिका- १ का वडासदस्य तथा विद्यालय व्यवस्थापन विकास समितिका अध्यक्ष रामचरण थारूले लुम्बिनी प्रदेश मन्त्रालय भौतिक पूर्वाधार विकास मन्त्रालयमा नहरलाई व्यवस्थापित गर्न बजेट माग गरिएको बताए। 'मन्त्रालय बजेट पठाउने विषयमा सकारात्मक भए पनि बजेट पर्छ वा पर्दैन अझै अन्योल छ,' उनले भने।

देशको अर्थतन्त्र र आगामी बजेट

अर्थतन्त्र चलायमान हुन नसकेको निराश परिस्थितिमा जेठ १५ गते आउन लागेको आव ०८२/८३ को बजेटमाथि धेरैको अपेक्षा छ



● डा. कृष्णराज पन्त

अग्रलेख

मुलुकको आर्थिक स्थिति सुधार गर्ने दुहाइका साथ बनेको नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन सरकारले जति नै दाबी गरे पनि मुलुकको अर्थतन्त्रमा अपेक्षित सुधार अझै आउन सकेको छैन। नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको चालू आव ०८१/८२ को नौ महिनाको समीक्षा प्रतिवेदन र अन्य उपलब्ध सरकारी तथ्यांकको विश्लेषण गर्ने हो भने यो मुलुकको अर्थतन्त्र अझै शिथिल नै रहेको देखिन्छ। समीक्षा अवधि (चालू आव०८१/८२ को नौ महिना)मा मुलुकमा मुद्रास्फीति अघिल्लो वर्षको तुलनामा १.४१ प्रतिशत विन्दुले घटेर ३.३९ प्रतिशतमा झरेको छ। अघिल्लो वर्ष नकारात्मक अवस्थामा रहेको कुल वस्तु निर्यात ६५.२ प्रतिशतले वृद्धि हुँदा पनि करिब रु. १८८ अर्ब मात्र पुग्न सकेको छ। यसैगरी, चालू आवको नौ महिनामा वस्तु आयात १२.२ प्रतिशतले बढेको छ। वस्तु निर्यातमा वृद्धि भए पनि कुल वस्तु व्यापार घाटा ६.४ प्रतिशतले बढी करिब रु. ११२१ अर्ब पुगेको छ। आयातमा मध्यवर्ती र पुँजीगत वस्तुको आयातमा खासै वृद्धि हुन सकेको छैन।

यस्तै, भ्रमण आयभन्दा भ्रमण व्यय दोब्बरभन्दा बढीले वृद्धि हुँदा सेवा खाता घाटामा रहेको छ। वैदेशिक रोजगारीका निम्ति श्रम स्वीकृति लिने नेपालीको संख्यामा १२.५ प्रतिशतले वृद्धि भए पनि विप्रेषण आप्रवाहको वृद्धि अघिल्लो वर्षको तुलनामा ७.२ प्रतिशत विन्दुले घटेर १० प्रतिशत कायम रहेको छ। यस अवधिमा शोधनान्तर स्थिति करिब रु. ३४६ अर्बले बचत छ। चालू आवको नौ महिनासम्ममा कुल विदेशी विनिमय सञ्चितिले करिब रु. २४२७ अर्बको कीर्तिमानी कायम गरेको छ। आवको करिब १० महिना बितिसक्दा लक्ष्यको तुलनामा ६६ प्रतिशत मात्र राजस्व प्राप्ति हुनसकेको छ। कुल खर्च लक्ष्यको ६३ प्रतिशत रहेकोमा पुँजीगत खर्च गत वर्षको भन्दा कम (३५ प्रतिशत मात्र) हुनसकेको छ। ब्याजदरमा कमी आए पनि चालू आवको नौ महिनामा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा भएको कर्जाप्रवाह ७ प्रतिशतले मात्र बढेको छ। मुद्रा बजारमा तरलता उल्लेखनीय रूपमा बढेको छ। समीक्षा अवधिमा पुँजीबजार निरुत्साहित छ।

०८१ श्रावणपछि नेप्से सूचकांकमा आएको गिरावटमा सुधार हुन सकेको छैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार, नेपाल सरकारको ऋण दायित्व बढ्दै २०८१ चैत्र मसान्त सम्ममा कुल गार्हस्थ्य उत्पादनको करिब आधा (४६.७५ प्रतिशत) पुगेको छ। यसैगरी, नयाँ वर्ष लाग्नैलाग्दा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले ४४७ पृष्ठ लामो 'आर्थिक सुधारको मार्गचित्र' नामक सुझाव प्रतिवेदन सरकारसमक्ष पेस गरिसकेको छ। नेपाल सरकारको नीति तथा कार्यक्रम संसद्बाट पास भइसकेको छ। मुलुकले बजेट तर्जुमा प्रणालीमा संरचनात्मक परिवर्तन खोजेको छ।

यस पृष्ठभूमिमा संघीय सरकार द्रुत ढंगले बजेटको तयारीमा लागेको छ। मुलुकको अर्थतन्त्र चलायमान हुन नसकेको, सुशासन र रोजगारी पक्ष कमजोर रहेको यस परिस्थितिमा आगामी जेठ १५ गते आउने आव ०८२/८३ को बजेट कस्तो हुनुपर्ने हो र कस्तो होला भन्ने बहस चलिरहेको छ। तर, तल उल्लेखित केही मुद्दालाई आगामी बजेटले गर्ने सम्बोधनको दायराले नै बजेटको प्रभावकारिताको तह निर्धारण गर्नेछ।

आवधिक योजना र वार्षिक कार्यक्रमका बिच तालमेल : अहिलेसम्मको बजेट तर्जुमाको अभ्यासलाई हेर्दा आवधिक योजनाका आधारमा वार्षिक कार्यक्रम निर्धारण गर्नुभन्दा वार्षिक कार्यक्रमभित्र आवधिक योजनाको सम्बन्ध (लिंकेज) खोज्नुपर्ने अवस्था देखिन्छ। यसले हरेक आवधिक योजनाको लक्ष्यप्राप्तिमा असर पुऱ्याइरहेको छ। वर्षौंसम्म आवधिक योजनामा एउटै खालको सूचक र लक्ष्य दोहोऱ्याइरहनुपर्ने अवस्था छ। आगामी बजेट र त्यसले निर्धारण गरेका वार्षिक कार्यक्रमले १६औँ पञ्चवर्षीय योजनालाई कत्तिको आत्मसात् गर्छ त्यसले नै बजेट तर्जुमाको प्रवृत्तिमा परिवर्तनको संकेत गर्छ।

बजेट तर्जुमामा उल्लेखनीय परिवर्तन आएमा मुलुकको अर्थतन्त्रको प्रवर्द्धन र सेवाप्रवाहलाई सहज तुल्याउने अपेक्षा गर्न सकिन्छ। यसले आवधिक योजनालाई सरकारको नीति तथा कार्यक्रमले पूर्ण अनुसरण नगर्ने, नीति तथा कार्यक्रमलाई बजेटले कमै मात्र पछ्याउने, बजेट वक्तव्य र वार्षिक कार्यक्रमबिच पनि तालमेलमा कमी रहने र कार्यक्रम कार्यान्वयनमा कमजोरीका कारण अपेक्षित नतिजा प्राप्त नहुने समस्यालाई निराकरण गर्न सक्दछ।

क्षेत्रगत प्राथमिकता निर्धारण : विगतको प्रवृत्तिलाई हेर्दा बजेट वक्तव्यको सुरुमा क्षेत्रगत प्राथमिकता तोके पनि स्रोतको विनियोजनमा त्यसअनुरूप रकमको व्यवस्था भएको कमै मात्रामा पाइन्छ। मुलुकमा खाद्य सुरक्षा र आत्मानिर्भरता सुनिश्चित गर्ने कृषि क्षेत्र र मानव संसाधनको विकासका निम्ति आवश्यक शिक्षा र स्वास्थ्यसेवा क्षेत्रमा पर्याप्त रकम विनियोजन गरिएको पाइँदैन। जसका कारण खाद्य सुरक्षा, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकहरूको संवैधानिक अधिकारसमेत व्यवहारमा कुण्ठित भएको पाइन्छ। यसर्थ, कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिँदै बजेट तर्जुमा गर्नु आवश्यक छ। बजेटमा नवप्रवर्तन र तुलनात्मक लाभका क्षेत्रलाई प्राथमिकता दिँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन प्रोत्साहित गर्ने वस्तु तथा सेवा उत्पादनका कार्यक्रम समावेश गरिनु आवश्यक छ। बजेटले राष्ट्रिय आत्मनिर्भरता र स्थानीय स्रोतमा आधारित उद्योग प्रवर्द्धनका निम्ति जोड दिनुपर्दछ।

अनुत्पादक सडक पूर्वाधार निर्माणमा बढी स्रोतको विनियोजन गर्ने प्रवृत्तिले मुलुकको आवश्यकताअनुसारको प्रतिफल दिन सकेको छैन। यसकारण, यसपटकको बजेटले उत्पादन प्रवर्द्धक पूर्वाधारको निर्माणसहितका क्षेत्रगत प्राथमिकताका आधारमा प्रतिशत तोकी त्यसअनुरूप मात्र वार्षिक कार्यक्रममा रकम विनियोजन गर्ने प्रक्रियाको पालना गर्न सके बजेट बढी उपलब्धिमूलक हुन सक्छ। विकास र सुशासनसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नेतर्फ समेत बजेट केन्द्रित रहनु आवश्यक छ।



आयोजना मापदण्डको अवलम्बन र आयोजना बैंकको उपयोग : बजेट तर्जुमाको हालसम्मको अभ्यासलाई हेर्दा आयोजना मापदण्ड निर्धारण र सोअनुरूप बजेट विनियोजन गर्ने अभ्यासलाई कमै मात्र आत्मसात् गरेको पाइन्छ। शक्ति र पहुँचका आधारमा फुटकर आयोजनाको छनोट, उचित मापदण्डबेगर राष्ट्रिय गौरवका आयोजनाको घोषणा र राष्ट्रिय प्राथमिकताका आयोजना निर्धारण गर्नेजस्ता समस्या निरन्तर रहँदै आएको छ। त्यसैगरी, पूर्वतयारीविनाका आयोजनामा प्रशस्त रकम विनियोजन गर्ने र आयोजना कार्यान्वयनमा समस्या पैदा हुने समस्या पनि मुलुकले झेल्दै आएको छ।

यसपटकको बजेट तर्जुमाले यस्तो प्रक्रियामा आमूल परिवर्तन गरी निर्धारित आयोजना मापदण्डको अवलम्बन गर्दै आयोजना छनोट गर्ने र आयोजना बैंकमा प्रविष्ट गरिएका आयोजनामा मात्र आवश्यक रकम विनियोजन गर्ने व्यवस्था गर्न सक्नुपर्छ। यसैगरी, केही 'गेम चेन्जर' आयोजनालाई समेत प्राथमिकता दिएर रकम विनियोजन गरिएमा मुलुकमा उत्पादन र रोजगारी वृद्धि हुन सक्छ। बजेटमा चालू खर्चभन्दा पुँजीगत खर्च कम विनियोजन हुने गर्छ। त्यसमाथि विनियोजित पुँजीगत खर्च पनि दुईतिहाइको हाराहारी खर्च हुने रोगबाट मुलुक ग्रसित छ। निजी क्षेत्रलाई उत्पादन र रोजगारी प्रवर्द्धनका निम्ति सहज तुल्याउने र प्रोत्साहित गर्ने महत्त्वपूर्ण साधनको रूपमा रहने पुँजीगत खर्चको यो प्रवृत्तिका कारण मुलुकले सामाजिक आर्थिक विकासमा अपेक्षित गति लिन सकेको छैन। त्यसैगरी, पूर्वाधार निर्माण र सेवाप्रवाहको लागत र समय बढ्न जानुका साथै आयोजनाको प्रतिफल प्राप्त गर्न पनि ढिला हुने अवस्थाबाट मुलुक गुज्रिरहेको छ। निर्मित पूर्वाधारको गुणस्तरमा पनि प्रश्नचिह्न खडा भइरहेका छन्। यसकारण, आगामी बजेट अनावश्यक र अनुत्पादक चालू खर्च कटौती र पुँजीगत खर्च वृद्धि हुने र गुणस्तरीय पूर्वाधार निर्माणका निम्ति सहज वातावरण तयार गर्ने सामर्थ्य बोकेको हुन सक्नुपर्छ। त्यसैगरी, विकास आयोजनाको सहज कार्यान्वयनमा बाधक देखिएका कमजोर आयोजना छनोट प्रणाली, अपर्याप्त स्रोतको विनियोजन, अन्तरमन्त्रालय समन्वयमा कमी, प्रतिकूल प्रशासनिक व्यवस्थाजस्ता समस्याबाट मुक्त हुने र विद्यमान खरिद व्यवस्थामा सुधार गर्ने हिसाबले बजेट तर्जुमा गरिनु आवश्यक छ।

क्षेत्रीय सन्तुलन प्रवर्द्धन : आवश्यकतामा आधारितभन्दा शक्ति र पहुँचमा आधारित आयोजना छनोट र खर्च विनियोजनको प्रवृत्तिले मुलुकको विकासमा क्षेत्रीय असन्तुलन पैदा गरेको छ। पूर्वाधार निर्माणमा प्रतिएकाइ लागत बढी हुने दुर्गम, गरिब र पिछडिएका क्षेत्रका निम्ति कम रकम विनियोजन गरिने प्रवृत्तिले उत्पादन, रोजगारी, गुणस्तरीय वस्तु तथा सेवाप्रवाहका हिसाबले क्षेत्रीय असन्तुलन पैदा गरेको छ। जसले एकातर्फ विकास सूचकमा पनि क्षेत्रगत असन्तुलन पैदा गरेको छ भने अर्कोतर्फ बसाइँसराइ वृद्धि गरी गाउँ रित्तिने समस्या बढाएको छ। यस्तो समस्या निराकरणका निम्ति प्रधानमन्त्री, मन्त्री, तुलनात्मक रूपमा प्रभावशाली सांसद र नेताहरूको निर्वाचन क्षेत्र एवं जिल्लाका निम्ति बढी आयोजना छनोट र रकम विनियोजित गर्ने परम्पराबाट आगामी बजेट मुक्त हुन सक्नु पर्दछ र बजेट तुलनात्मक रूपमा क्षेत्रीय सन्तुलन प्रवर्द्धनकारी हुनुपर्छ।

> आगामी बजेटले मुलुकमा सुशासनको प्रत्याभूति दिने, उपभोक्ता र निजी क्षेत्रको आत्मविश्वास जगाउने, रोजगारी सिर्जना गर्न सक्ने साना तथा मझौला व्यावसायलाई प्रोत्साहित गर्ने खालका कार्यक्रमलाई प्राथमिकता दिनु आवश्यक छ

सुशासन र रोजगारी प्रवर्द्धन : अहिले मुलुकमा सुशासन र रोजगारीको मुद्दा चर्को ढंगले उठेको छ। सुशासन र रोजगारीको क्षेत्रमा देखिएको कमजोरीका कारण युवाहरू अवसरको खोजीमा विदेश पलायन हुने क्रम बढ्दो छ। मुलुकमा एकपछि अर्को भ्रष्टाचार र अनियमितताका काण्ड उजागर हुँदै गइरहेका छन्। यिनमा उच्चस्तरका नेता तथा कर्मचारीको संलग्नता देखिन्छ। सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा हेर्ने हो भने सरकारी बेरुजु दिनानुदिन बढिरहेको छ। सार्वजनिक सेवाप्रवाहमा ढिलासुस्ती, सरकारी अधिकारीहरूको सुदखोर प्रवृत्ति, सार्वजनिक सेवाको गुणस्तरमा कमीजस्ता विषयले नागरिक र निजी क्षेत्र दुवै निरुत्साहित छन्। कोभिड महामारीपछि उपभोक्ता र उत्पादक दुवै क्षेत्रमा आत्मविश्वासको कमी आयो। यसका कारण वस्तु तथा सेवाको माग र उत्पादन दुवैमा कमी आई सिथिल भएको अर्थतन्त्र अझै उठ्न सकेको छैन। जसबाट अर्थतन्त्रका उत्पादन र रोजगारी दुवै क्षेत्रमा असर गरेको छ। यस परिप्रेक्ष्यमा आगामी बजेटले मुलुकमा सुशासनको प्रत्याभूति दिने, उपभोक्ता र निजी क्षेत्रको आत्मविश्वास जगाउने, निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने, तत्काल र धेरै रोजगारी सिर्जना गर्न सक्ने कृषि क्षेत्र र साना तथा मझौला व्यावसायिक प्रतिष्ठानलाई प्रोत्साहित गर्ने खालका कार्यक्रमलाई प्राथमिकता दिनु आवश्यक छ।

प्रगतिशील राजस्व प्रणालीको अवलम्बन : हाम्रो मुलुक अहिले आयातमुखी राजस्व प्रणालीमा निर्भर छ। मुलुकको राजस्वमा भन्सार, भ्याट, अन्तःशुल्क आदिको अधिकता छ। उपभोक्तालाई भार पर्ने अप्रत्यक्ष करको बाहुल्यले मुलुकमा आयको वितरण प्रणालीलाई असन्तुलित तुल्याएको छ। त्यसकारण प्रगतिशील कर प्रणालीको अवलम्बन, करको दायरामा वृद्धि, चुस्त कर प्रशासन, कर चुहावट नियन्त्रण, एकद्वार राजस्व संकलन प्रणालीसहितका विषयहरूको सम्बोधन गर्दै प्रगतिशील राजस्व प्रणाली स्थापित गर्ने उद्देश्यका साथ आगामी बजेट तर्जुमा गरिनु आवश्यक छ।

संघीयताको मर्मको आत्मसात् : मुलुक एकात्मक शासन प्रणालीबाट संघीय शासन प्रणालीमा रूपान्तरित भएको एक दशक पूरा हुन लाग्दा पनि संघीयताको पूर्ण कार्यान्वयन हुन सकेको छैन। यो कुरा बजेट तर्जुमामा पनि झल्किँदै आएको छ। सहअस्तित्व, सहकार्य र समन्वयमा आधारित संघीयताको अवलम्बन गरेको भनिए तापनि तीन तहका सरकारबिच कार्य जिम्मेवारीको स्पष्ट विभाजन, त्यसअनुरूपका योजना छनोट र अन्तरसरकारी समन्वयको पक्ष कमजोर हुनपुग्दा संघीयताप्रति नै प्रश्न उठ्न थालेको छ। त्यसकारण, अब संघीय सरकार र प्रदेश सरकारहरूले फुटकर योजना छनोट गर्ने, ससर्त योजना र ससर्त अनुदानको अंश वृद्धि गर्दै जाने, समानीकरण अनुदानको अनपेक्षित र असमय कटौती, राजस्व अधिकारमा तहगत सरकारका बिच दोहोरोपना आदिजस्ता समस्याको निराकरण गर्ने गरी बजेट तर्जुमा गरिनुपर्छ।

संघीयताको मर्मलाई आत्मसात् गर्दै प्रदेश तथा स्थानीय तहलाई स्रोत र जनशक्तिको हिसाबले सबल बनाउँदै लैजाने, समानीकरण अनुदानको अंश क्रमशः बढाउँदै जाने र ससर्त अनुदान घटाउँदै जानेतर्फ बजेटको प्रयास आवश्यक छ। सार्वजनिक स्रोतको विनियोजन र खर्चमा तीनवटै तहका सरकारको सहभागिता सुनिश्चित गरी संघीयतालाई सबल बनाउन अन्तरसरकारी समन्वयका सबै संयन्त्रलाई सक्रिय तुल्याउन बजेट प्रभावकारी हुनुपर्छ।

यसरी, राजस्व र खर्च दुवै प्रणालीमा संरचनात्मक परिवर्तन गर्दै विकासका हरेक क्षेत्रमा संरचनात्मक परिवर्तन गर्ने हिम्मतका साथ उपभोक्ता र उत्पादक क्षेत्र दुवैमा आत्मविश्वास पैदा गरी उत्पादन र रोजगारी प्रवर्द्धनसहित शिथिल भएको अर्थतन्त्रलाई चलायमान बनाउन, मुलुकमा विद्यमान निराशालाई चिर्दै नागरिकमा मुलुकभित्र नै अवसर हुन सक्छ भन्ने आत्मविश्वास जगाउन र युवाहरूको बढ्दो विदेश पलायनलाई न्यूनीकरण गर्न सक्षम हुने गरी आगामी आव ०८२/८३ को बजेट तर्जुमा गरिनु आवश्यक छ।

(लेखक बागमती प्रदेशका प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष हुन्।)

---

३ प्रश्न

नेपाल प्रहरीका पूर्वडिआइजी **हेमन्त मल्ल ठकुरीलाई**



भिजिट भिसामा हुने असुलीमा गृहमन्त्री रमेश लेखक मुछिएपछि चौतर्फी उनको राजीनामा माग भइरहेको छ। तर, गृहमन्त्रीले राजीनामा नदिने बताइरहेका छन्। यस्तो गम्भीर आरोप लागेपछि नैतिक रूपमा पदमा बसिरहन मिल्छ ?

यस प्रकरणमा गृहमन्त्रीले कैयौं गलत निर्णय लिएको त प्रमाणित भइसकेको छ। उहाँले त्यति महत्त्वपूर्ण ठाउँमा गलत चरित्र भएको मानिस पठाउनुभयो। विगतमा अनुसन्धानले खोट देखाएका मानिसलाई आफ्नो सचिवालयमा तान्नुभएको छ। अनि, अहिले आएर आफूलाई केही थाहा नभएको बताउँदै हिँडिरहनु भएको छ। यस प्रकरणमा मन्त्रालय तहबाट गोलमाल भएको छ भन्ने शंका गर्ने ठाउँ धेरै छ। शंका उठिसकेपछि अनुसन्धानलाई सहज बनाउन राजीनामा आउनुपर्ने हो।

यस मुद्दामा लेखक पदमै रहँदा अनुसन्धान प्रभावित हुने सम्भावना कत्तिको हुन्छ ?

धेरै नै हुन्छ। किनकि त्यति शक्तिशाली पदबाट दबाबका कुरा आउँछ। त्यस्तोमा, अनुसन्धानमाथि नै प्रश्न उठ्नेछ।

अध्यागमनको जिम्मा सबै कर्मचारीलाई दिइँदा प्रहरी त्यति खुसी छैन भनिन्छ। खासमा यस्तो असन्तुष्टि किन देखिएको हो ?

विमानस्थल देशको सुरक्षा र प्रतिष्ठासँग जोडिएको ठाउँ हो। तर, त्यहाँ भइरहेका कतिपय काम प्रहरीलाई जानकारी नहुने अवस्था छ। जबकि, भोलि केही नराम्रो घटना भयो भने दोषचाहिँ प्रहरीमाथि आउँछ। त्यहाँबाट अपराधी आउनेजाने भइरहेको हुन सक्छ। आतंकवादीसमेतको आवागमन हुनसक्ने ठाउँ हो। तर, प्रहरी र कर्मचारीको त्यहाँ राम्रो समन्वय छैन। अब कर्मचारीलाई त्यहाँ प्राथमिकतामा दिनुपछाडि राजनीतिक स्वार्थ हुन सक्छ। कतिपय अवस्थामा खराब काम गर्नेहरूले पनि राजनीतिक संरक्षण पाइरहेको कुराले पनि त्यसै कुराको संकेत गर्छ। तर, विमानस्थलको सुरक्षा व्यवस्था र कुरीति हटाउने हो भने अहिलेको यो एरेन्जमेन्ट नबदली हुँदैन।

प्रेरक प्रसंग

चराले रोजेको सजिलो बाटो

जंगलमा एउटा चरो निकै सुरिलो आवाजमा गीत गाइरहेको थियो। उसको स्वरमा कोइलीको जस्तै मिठास थियो। एक दिन एक किसान किराले भरिएको बाक्सा लिएर त्यही जंगल हुँदै कतै जाँदै थिए। चराले किसानलाई रोकेर सोध्यो। महाशय, तपाईंको बाक्साभित्र के छ र तपाईं कहाँ जाँदै हुनुहुन्छ ?

किसानले भने- मेरो बाक्सामा किरा छन्। म यिनलाई बेचेर चराका प्वाँख किन्न बजारतिर जाँदै छु। यति भनेर किसान आफ्नो बाटो लागे। चराले उनलाई रोक्दै भन्यो- प्वाँख त मसित पनि छन्। मलाई किराको खोजीमा धेरै टाढा-टाढा जानुपर्छ। बरु तपाईं मलाई किरा दिनुहोस्। त्यसको बदलामा म तपाईंलाई मेरो एउटा प्वाँख दिन्छु। यसबाट तपाईंलाई बजारसम्म जानुपरेन र मलाई पनि किराको खोजीमा यताउता भौँतारिनुपरेन।

किसानलाई पनि चराको प्रस्ताव ठिक लाग्यो। उनले किरा चरालाई दिए। चराले आफ्नो एउटा प्वाँख किसानलाई दियो। त्यसपछि हरेक दिन यही क्रम चलिरह्यो। हुँदाहुँदा यस्तो दिन पनि आयो, अब किसानलाई दिनका लागि चराको जिउमा एउटै प्वाँख बाँकी रहेन। प्वाँख नपाउने भएपछि किसानले पनि किरा दिन छाडे। चरो आफैँ उडेर किरा खोज्न जान पनि सकेन। साथमा ऊ निकै भद्दा पनि देखिन थाल्यो। चरालाई आफ्नै रूप देख्दा घिन लाग्न थाल्यो। आफ्नो गल्ती सम्झेर ऊ पछुताउँदै रुन थाल्यो। जीवनमा कुनै पनि कामका लागि छोटो बाटो रोज्नुको परिणाम उसले भोगिरहेको थियो। आखिरमा खानाको खोजी गर्दागर्दै भोक र तिर्खाले उसको मृत्यु भयो।



टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कसरी बढ्यो प्राविधिक समस्या

देशका कैयौं भागमा अहिले अघोषित लोडसेडिङ छ। हरेक दिन तीन-चारपटक बत्ती नगएको दिन हुँदैन। कुनै-कुनै दिन त तीन-चार घण्टा नै बिजुली आउँदैन। अहिले किन बत्ती झ्याप-झ्याप गइरहेको छ ? बत्ती प्राविधिक समस्याले गर्दा मात्र गएको, लोडसेडिङ नहुने प्राधिकरणका निर्देशक बारम्बार भनिरहेका छन्। यदि लोडसेडिङ होइन भने किन यति धेरै बत्ती किन गइरहेको छ ? हिजो कुलमान कार्यकारी निर्देशक हुँदा नदेखिएको प्राविधिक समस्या अहिले कसरी यति विकराल रूपमा देखियो ? प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रले जवाफ दिनुपर्छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी काठमाडौं

रवि चोखा होइनन्

रवि लामिछानेको प्रतिरक्षा गरेर नथाक्ने मानिस देखेर मलाई उदेक लाग्छ। लामिछाने कुनै वेला देशको नागरिकता त्यागेर अर्को देशको नागरिकता लिएका व्यक्ति हुन्। उनी नेपालप्रति पूर्ण बफादार छन्जस्तो लाग्दैन। अमेरिकामा हुँदा उनीमाथि ऋण तथा कर नतिरेको कैयौं मुद्दा लागेको बताइन्छ। नेपालमा फर्किएपछि उनले सहकारीको रकम फसाउदै टेलिभिजन खोल्ने काम गरे। र, उनी आफ्नो गल्ती कहिले स्विकार्दैनन्। अझ कुनै समय उनी दोहोरो नागरिकता र राहदानी बोकेर हिँड्थे। र, त्यस्तो कार्य कानुनविपरीत नभएको बताउँथे।

● **जोहानराज मगर**, पाल्पा

भ्रष्टाचारमा कतै नदेखिने नेता

नेपालमा नेताहरूले घुस लिँदा प्रमाण नदेखिने गरी बिचौलियामार्फत लिन्छन्। नभए अहिलेका अधिकांश नेताहरूको हिजोको पृष्ठभूमि सामान्य थियो। राजनीतिबाहेक अन्य कुनै व्यवसाय नभएका हाम्रा नेताहरूले केही वर्षमै ठुल्ठुला घरगाडी जोड्न सक्नुपछाडि सत्तामा हुँदा भ्रस्टाचार गरेर अकुत सम्पत्ति कमाएरै हो। शक्तिशाली आयोग गठन गरेर अहिलेका शीर्ष नेताहरूको सत्तामा आउनुभन्दा पहिलेको र सत्तामा आएपछिको सम्पत्ति छानबिन गर्ने हो भने के-कति भ्रस्टाचार भएको सबै छर्लंग हुन्छ। तर, यस्तो काम गर्ने कसले ?

● **रमेश प्रधान**, असन, काठमाडौं

राजेन्द्र लिङ्देनलाई सुझाव

जनजाति भएर तपाईं पुगेको स्थानमा पुग्न धेरै-थोरै पुग्ने गर्छन्। तपाईंलाई यहाँसम्म आइपुग्न लोकतन्त्र वा विगतमा भएका संघर्षले केही न केही भूमिका खेलेको छ। ती प्रत्यक्ष र अप्रत्यक्ष सहयोगी रहेको आन्दोलनप्रति तपाईं कृतज्ञ हुनुपर्ने हो। तर, तपाईं उल्टै गाली गरिरहनु भएको छ। देशमा अझै राजतन्त्र रहिरहेको भए तपाईं राप्रपाको शीर्ष पदमा पुग्न गाह्रै हुन्थ्यो। त्यसमा उनै कमल थापा, उनै पशुपतिशमशेर वा डा. प्रकाशचन्द्रको बोलवाला रहिरहन्थ्यो। अहिले पनि महत्त्वपूर्ण काममा दरबारले तपाईंलाई भन्दा नवराज सुवेदीलाई पत्याएबाट यसको केही संकेत भेटिन्छ।

आज आन्दोलनको कमान्डरमा जनजातिभन्दा सुवेदी खोज्ने राजावादीले भोलि राजतन्त्र पुनर्स्थापित गरिहाले भने तपाईंलाई महत्त्वपूर्ण जिम्मेवारी देला त ? फेरि हिजोजस्तै तुलसी गिरीजस्ता वा अन्य कुनै खुँखार पूर्वपञ्च खोजिनेछ। नेपाली राजतन्त्रको इतिहास पढ्ने हो भने शाह राजाहरूले कोही जनजाति वा दलितलाई शीर्ष पदमा पत्याएको छैन। तपाईंजस्तो साधारण पृष्ठभूमिबाट उठेर आजको तहसम्म आएको मानिसले देशमा पुनः सामन्तवाद फर्काउने आन्दोलन गर्न लाग्नुले धेरैलाई निराश बनाएको छ। अहिले जसलाई राजा बनाउन खोज्दै हुनुहुन्छ, तिनले हिजो आफ्नै स्वेच्छाले श्रीपेच नेपाल सरकारलाई जिम्मा लगाएर गद्दी त्यागेको बताएका थिए। राजावादीहरूले तीनकुने घटनामा दुर्गा प्रसाईंको मात्र जिम्मेवारी देखाएर फसाएजस्तै तपाईंजस्तो जनजातिलाई नफसाउलान् भन्न सकिँदैन। तपाईंलाई भद्र व्यक्ति कल्याण चाहेर यति लेखेँ, त्यसका लागि क्षमा चाहन्छु।

● **ज्यो. रत्ननिधि रेग्मी शुक्राचार्य**
महाकवि देवकोटा आश्रम, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

कोहलीको सन्न्यास : तथ्यांक, विवाद र विरासत

कोहलीलाई कसैले रुचाउलान्, कसैले घृणा गर्लान्, तर उनले टेस्ट क्रिकेटलाई नयाँ उचाइमा पुऱ्याएको तथ्यलाई भने कसैले अस्वीकार गर्न सक्दैन





देश/विदेश

● भौगन क्विर्कसंक ● ब्रेन्डन हाइन्डमेन

विराट कोहलीले गत सोमबार टेस्ट क्रिकेटबाट अवकाशको घोषणा गरे। इन्स्टाग्राममा उनले अवकाशका लागि अहिले 'उपयुक्त समय' भएकाले अवकाश लिएको बताएका छन्। तर, कमजोर प्रदर्शन, मानसिक थकान, परिवार, परोपकार र व्यावसायिक जिम्मेवारीले पनि यस निर्णयमा भूमिका खेलेको अनुमान गरिएको छ। १४ वर्षे टेस्ट करिअरमा कोहली भारतीय ब्याटिङको मेरुदण्ड थिए। एक सय २३ टेस्टमा ३० शतकसहित नौ हजार दुई सय ३० रन बनाएका कोहलीले ४६.८५ को औसत कायम राखेका थिए। यस तथ्यांकले उनलाई क्रिकेट इतिहासमै भारतका शीर्ष पाँच टेस्ट ब्याट्सम्यानमध्ये एक बनाउँछ। तर, उनको प्रभाव रनमा मात्र सीमित छैन। ३६ वर्षीय कोहलीले यसअघि नै देशले उनको दोस्रो टी-२० विश्वकप जितेपछि त्यस खेल ढाँचाबाट पनि सन्न्यास लिइसकेका छन्। उनले एकदिवसीय क्रिकेट खेल भने जारी राख्ने सम्भावना छ। उनको अनुपस्थितिले इंग्ल्यान्डसँग हुने आगामी टेस्ट सिरिजमा भारतलाई ठुलो असर पर्नेछ।

टेस्ट क्रिकेटको शिखर यात्रा : कोहली आफ्नो पुस्ताका सबैभन्दा महान् भारतीय ब्याट्सम्यान हुन्। सन् २०११ मा वेस्ट इन्डिजविरुद्ध टेस्ट क्रिकेटमा डेब्यु गरेका उनले आफ्नो अन्तिम टेस्ट खेल भने जनवरीमा अस्ट्रेलियाविरुद्ध खेलेका थिए। उनले आफूले खेलेका सबै देशविरुद्ध शतक प्रहार गरेका छन्, जसमध्ये आधाभन्दा बढी विदेशी भूमिमा गरेका हुन्। अस्ट्रेलियामा उनले सात टेस्ट शतक हाने। यो विदेशी ब्याट्सम्यानका लागि अस्ट्रेलियामा दोस्रो सबैभन्दा बढी शतक हो। उनको उत्कर्षको समय सन् २०१४ देखि २०१९ को बिचमा थियो, जब उनले टेस्ट क्रिकेटमा औसत ६० भन्दा बढी बनाए। त्यसैगरी कोहली स्टिभ स्मिथ, केन विलियमसन र जो रुटसँगै 'फ्याब फोर' (विश्वकै उत्कृष्ट चार टेस्ट ब्याट्सम्यान)मा गनिए। यो अवधिमा उनले १८ महिनामा ६ वटा दोहोरो शतक प्रहार गरे, र १३ महिना विश्वकै पहिलो स्थानका टेस्ट ब्याट्सम्यानको स्थानमा कायम रहे।

क्याप्टेनका रूपमा कोहली : कोहली भारतका सबैभन्दा महान् टेस्ट कप्तान हुन्। सन् २०१४ देखि २०२२ बिच उनी क्याप्टेन रहँदाको अवधि भारतीय टेस्ट क्रिकेटको स्वर्ण युग रह्यो। यो अवधिमा भारतले ६८ मध्ये ४० टेस्ट जित्यो (अर्थात् ५९ प्रतिशत) र घरेलु मैदानमा एकपटक पनि टेस्ट सिरिज हारेन। भारत सन् २०१६ देखि २०२० सम्म लगातार विश्वको नम्बर एक टेस्ट टोली रह्यो। २०१८-१९ मा अस्ट्रेलियामा आफ्नो पहिलो टेस्ट सिरिज जित्यो। यी तथ्यांकले कोहलीलाई सबैभन्दा सफल टेस्ट कप्तानमध्ये एक बनाउँछन्।

तथ्यांकभन्दा पर, कोहली एक करिश्मायुक्त र आक्रामक कप्तान थिए, जसले भारतको टेस्ट क्रिकेटप्रतिको दृष्टिकोण बदलिदिएका थिए। उनले टिममा प्रतिस्पर्धात्मक भावना, तन्दुरुस्ती, प्रशिक्षणको तीव्रता र पेस (तीव्र गतिको बलिङ) आक्रमणमा जोड दिँदै स्थायी प्रभाव छाडेका छन्। कोहलीकै नेतृत्वमा टिमको मापदण्ड र रणनीतिमा ऐतिहासिक परिवर्तन आएको मानिन्छ।

विवादले घेरिएका कोहली : कोहलीको ऊर्जा, जोश र तीव्रताले उनलाई सफल ब्याट्सम्यान र कप्तान बनाए पनि यिनै गुणले उनलाई विपक्षी खेलाडीसँग थुप्रै विवादमा पनि पुऱ्यायो। धेरैले उनको छविलाई अभद्र र अहंकारी भनेका छन्। चर्को उत्सव र आक्रामक हाउभाउका कारण उनले परम्परावादी दर्शकबाट आलोचना खेप्नुपरेको थियो। उनी सम्बन्धित धेरैजसो


तस्बिरः जोल क्यारेट/एएप

विवाद अस्ट्रेलियामा भए, जहाँ कोहली र त्यहाँका खेलाडी तथा समर्थकबिच प्रेम-घृणाको सम्बन्ध देखियो। अस्ट्रेलियामा उनी दर्शकतर्फ फर्किए 'माझी औँला देखाउने'जस्तो अश्लील हाउभाउ प्रदर्शन गर्ने, स्यान्डपेपर प्रकरणको (अस्ट्रेलियाली टिमले सन् २०१८ मा बलमा छेडखानी गरेका थिए) संकेत गर्दै चिढ्याउने र युवा ब्याट्सम्यान स्याम कोनस्टासलाई काँधले धक्का दिनेजस्ता विवादास्पद व्यवहार गरेका थिए।

टेस्ट क्रिकेटमा कोहलीको विरासत : एक दशकभन्दा बढी समयसम्म कोहली भारतीय टेस्ट टिमको धड्कन बनेर रहे। उनको अवकाशले एक युगको अन्त्यको संकेत गर्छ। कोहलीले भारतीय क्रिकेटको सोच बदलेर राष्ट्रिय टोलीलाई थप चनाखो, तन्दुरुस्त, आक्रामक र सफल बनाउँदै नयाँ रूप दिएका थिए। उनी टेस्ट क्रिकेटका सबैभन्दा महान् दूतमध्ये एक थिए जसले यो खेललाई टी-२० क्रिकेट हाबी बन्दै गएको युगमा पनि सान्दर्भिक रहेको सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए।

कोहलीले टेस्ट क्रिकेटलाई फेरि एकपटक प्रेरणादायी बनाए। उनी क्रिकेटको यो ढाँचा फस्टाउनुपर्छ भन्ने चाहना राख्थे। कोहलीलाई सामाजिक सञ्जालमा पछ्याउनेको संख्या टाइगर वुड्स, लेब्रोन जेम्स र टम ब्राडीको संयुक्त फलोअर्सभन्दा पनि धेरै छ। कोहलीलाई इन्स्टाग्राममा २७ करोड २० लाख र एक्समा ६ करोड ७८ लाखले पछ्याउँछन्। त्यसैगरी, एलए २०२८ ओलम्पिकमा क्रिकेटलाई ओलम्पिक खेलमा समावेश गर्ने घोषणा गर्दा आयोजकले कोहलीको नामलाई उल्लेख गरेका थिए।

कसैले उनलाई माया गर्लान्, कसैले घृणा तर कोहलीले टेस्ट क्रिकेटको रोचकता र भव्यतालाई एक नयाँ उचाइमा पुऱ्याएको तथ्यलाई कसैले अस्वीकार गर्न सक्दैन। उनको ऊर्जाले भारत र उसका विपक्षी दुवै टिमबाट सर्वश्रेष्ठ प्रदर्शन निम्त्याउँथ्यो। ब्याटिङ होस् वा फिल्डिङ उनलाई नजरअन्दाज गर्न असम्भव हुन्थ्यो। त्यसैले त सम्मानित क्रिकेट लेखक पिटर लालोरले हालै 'कसैको पनि विकल्प नहुने भन्ने हुँदैन, तर विराट कोहलीको चाहिँ विकल्प कोही हुन सक्दैन' भनेका थिए।

(क्विर्कसंक 'तास्मानिया विश्वविद्यालय'का स्वास्थ्य एवं शारीरिक शिक्षा वरिष्ठ लेक्चरर हुन् भने हाइन्डमेन 'चार्ल्स स्टर्ट विश्वविद्यालय'का सहायक डिन हुन्।)

द कन्भर्सेसन

राजनीतिज्ञ र उद्योगपतिबिचको साँठगाँठमा लुकेको स्वार्थ

पछिल्ला दशकमा भारतका राजनीतिज्ञ र औद्योगिक दिग्गजबिचको नाजायज सम्बन्ध बलियो हुँदै गएको छ

सन् २०२४ को अप्रिलमा विश्वका टेक अर्बपति एलन मस्कले भारतमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्ने र विद्युतीय कार निर्माता कम्पनी टेस्लाले भारतमा अर्बौं डलर लगानीको घोषणा गर्ने कार्यक्रम थियो। तर, उनले अन्तिम समयमा भारत भ्रमण रद्द गरे र चीनतर्फ प्रस्थान गरे। मस्कको सोच परिवर्तनले दुःखित भारतीय सञ्चार माध्यममा आक्रोशको बाढी छायो। राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकालमा एक शक्तिको रूपमा उनको उदय हुनुभन्दा पहिले नै भएको यस घटनाले एसियाका उदीयमान औद्योगिक दिग्गजका लागि एक सम्मानित कूटनीतिज्ञको रूपमा मस्कको असामान्य भूमिकालाई पनि प्रकाश पाऱ्यो।



● जेम्स क्याबट्री

क्याबट्री फरेन पोलिसीका स्तम्भकार, इन्टरनेसनल इन्स्टिच्युट फर स्ट्राटेजिक स्टडिज-एसियाका पूर्वकार्यकारी निर्देशक र द बिलियनेयर राजः अ जर्नी थ्रु इन्डियाज न्यु गिल्डेड एजका लेखक हुन्।



अमेरिकासँगको सम्बन्धबाट भारतले चाहेको धेरैजसो विषयलाई मस्कले मूर्त रूप दिन्छन् : ठुलो लगानीको सम्भावना, बहुमूल्य प्रविधि स्थानान्तरण र अब ह्वाइटहाउसमा नयाँदिल्लीसँगको सञ्चार संवाहकको माध्यम। तर, फरक तरिकाले हेर्दा, अर्बौं डलरका मालिकसँगको सम्बन्धले भारतले उदीयमान अमेरिकी आर्थिक मोडेललाई बुझ्ने अवसर पाउँछ, जसमा मस्कजस्ता टाइकुनले औद्योगिक नीतिको सहयोगीको रूपमा त काम गर्छन् नै त्यसबाहेक राजनीतिक शक्तिको वाहक पनि बन्छन्।

पछिल्ला दशकमा भारतका राजनीतिज्ञ र औद्योगिक दिग्गजबिचको सम्बन्ध झन् बलियो हुँदै गएको छ। राष्ट्रिय जीवनका लगभग हरेक क्षेत्रमा संलग्न मुकेश अम्बानी र गौतम अडानीजस्ता अर्बपतिहरू विशाल कर्पोरेट साम्राज्यको शीर्ष स्थानमा छन्। देशका यी प्रसिद्ध उद्यमी जोडीका लागि सामूहिक स्वामित्व आकर्षक रहँदै आएको छ। अम्बानी र अडानी फोर्ब्सको अर्बपतिको सूचीमा अटाएका एसियाका दुई धनाढ्य पुरुष हुन्। फोर्ब्सले सन् २०२५ का लागि सार्वजनिक गरेको विश्वका अर्बपतिको सूचीमा अम्बानी र अडानी क्रमशः १८औं र २८औं स्थानमा छन्। अम्बानीको ९२ दशमलव पाँच अर्ब डलर रहेको छ भने अडानीसँग ५६ दशमलब तीन अर्ब डलर छ।

भारतमा राजनीतिज्ञ र व्यावसायिक नेताबिचको आर्थिक साँठगाँठ सामान्य छ। उदाहरणका लागि प्रमुख विपक्षी नेता राहुल गान्धीले गत वर्षको आमचुनावमा यस विषयलाई आफ्नो अभियानको प्रमुख मुद्दा बनाएका थिए। यद्यपि, निर्वाचनमा मोदीले सहजै जित हात पारे।

तर, सन् २०१४ मा मोदी प्रधानमन्त्रीमा निर्वाचित भएदेखि भारतीय सरकार र त्यहाँका उद्योगपतिबिचको सम्बन्धमा परिवर्तन आएको छ। मेरो पुस्तक द बिलियनेयर राजमा मैले सन् २००० र २०१० को दशकको सुरुवातमा व्याप्त भ्रष्टाचार र नातावादको युगको विवरण उल्लेख गरेको छु। कमजोर, तर इमानदार प्रधानमन्त्री स्वर्गीय मनमोहन सिंहले 'घोटालाको मौसम' भनेर चिनिने उक्त युगको अध्यक्षता गरे, जहाँ अर्बौं डलरका असंख्य भ्रष्टाचारका घोटाला एकपछि अर्को पर्दाफास भए।

त्यतिवेला पनि भारतको नातावाद परिष्कृत थियो र खैरो खाम वा मोटा सुटकेसमा नगद भरेर दिइने कच्चा घुसबाट धेरै टाढा थियो। अर्थात्, अप्रत्यक्ष ढंगबाटै व्यापारी र राजनीतिज्ञबिच ठुलो लेनदेन हुन्थ्यो। तैपनि, भ्रष्टाचार भने व्यापक रूपमा नियन्त्रणबाहिर रहेको मानिन्थ्योः सिंहको सरकारमा धेरै राजनीतिक नेताहरू कसरी दूरसञ्चार नियमनदेखि कोइला वा फलामजस्ता खनिजहरूको इजाजतपत्रसम्मका क्षेत्रमा घोटालामा संलग्न भएको आरोप लगाइएको थियो भन्ने बारेमा भारतीय व्यापारीनिकट एक पर्यवेक्षकले एकपटक मलाई भनेका थिए, 'प्रत्येक क्याबिनेट मन्त्री एक स्वतन्त्र उद्यमी थिए।'

मोदीको शासनकालमा, सरकार र अति धनीबिचको सम्बन्ध राजनीतिक रूपमा बढी नियन्त्रित र निर्देशित छ। व्यक्तिगत रूपमा पूर्वप्रधानमन्त्री मनमोहन सिंहजस्तै मोदी पनि इमानदारीका लागि प्रख्यात छन्। भ्रष्टाचारका घटना देखिए पनि ठुला सार्वजनिक घोटालाको संख्या भने नाटकीय रूपमा घटेको छ।

> मोदीको शासनकालमा सरकार र अति धनीबिचको सम्बन्ध राजनीतिक रूपमा बढी नियन्त्रित र निर्देशित छ। व्यक्तिगत रूपमा पूर्वप्रधानमन्त्री मनमोहन सिंहजस्तै मोदी पनि इमानदारिताका लागि प्रख्यात छन्। देशमा भ्रष्टाचारका घटना देखिए पनि ठुला सार्वजनिक घोटालाको संख्या भने नाटकीय रूपमा घटेको छ।

भारतको मोडेल पूर्वी र दक्षिणपूर्वी एसियामा हालैका दशकहरूमा सामान्य रूपमा देखिने क्रोनी क्यापटिलिजमजस्तै देखिन थालेको छ। उदाहरणका लागि १९८० को दशकमा मलेसियाली प्रधानमन्त्री महाथिर मोहम्मदको नेतृत्वमा वा १९७० को दशकमा दक्षिण कोरियामा राष्ट्रपति पार्क चुङ-हीको तीव्र वृद्धि र निरंकुश शासनको अवधिमा उद्योगपति र सरकारी अधिकारीबीच हुने गरेको बलियो आर्थिक साँठगाँठ।

मोडेल यो हो कि चुनिएका प्लुटोक्र्याटहरूले (पुँजीवादीहरूले) आफ्ना देशलाई राष्ट्रिय विकासका लागि आवश्यक पर्ने विमानस्थल, भवन र दूरसञ्चार नेटवर्क निर्माण गरेको बदलामा राजनीतिक नेताहरूसँग पारस्परिक रूपमा अनुकूल सम्बन्ध विकास गर्छन्।

राजनीतिज्ञहरूले शक्तिशाली अर्बपतिहरूसँग काम गर्नुको कारण भनेको नेताहरूको सहयोगले उनीहरूले छोटो समयमा ठुला काम छिटो छरितो सम्पन्न गर्न सक्छन्। अनि यदि उद्योगपतिहरूको राजनीतिक सम्बन्धले, उनीहरूको व्यवसायमा व्यक्तिगत रूपमा आर्थिक लाभ प्रदान गर्छ भने (भारतको घोटालाको मुख्य सिजनमा प्रायः यस्तै हुन्छ) मात्र त्यो स्वीकार्य व्यापार मानिन्छ।

ट्रम्प प्रशासनमा मस्कले खेल्ने भूमिका अभूतपूर्व छ। उच्च राजनीति, औद्योगिक नीति, र बढ्दो अन्तर्राष्ट्रिय मामिलामा उनको योगदानलाई कम आकलन गर्न मिल्दैन। पक्कै पनि भारतमा कुनै पनि उद्योगपतिले मस्कले जस्तो यति बृहत् वा विश्वव्यापी रूपमा हाई प्रोफाइलको पद प्राप्त गर्दैन। तर, एक अर्थमा, अमेरिका र भारतको वास्तवमा एउटै बिन्दुमा मिलन हुनेछ : मोदीको नेतृत्वमा भारतीय क्रोनी पुँजीवाद कम अराजक र बढी व्यवस्थित छ भने ट्रम्पको नेतृत्वमा संयुक्तराज्य अमेरिका अर्को बाटोमा अघि बढिरहेको छ। खुला बजार र निष्पक्ष प्रतिस्पर्धामा सफल अमेरिकी प्रणालीलाई ट्रम्पनिकट उद्योगपतिहरूले अनुकूल लाभको आनन्द लिने प्रणालीको रूपमा विकसित गरिएको छ। अन्तर्राष्ट्रिय मामिला र आर्थिक नीति दुवैमा अमेरिका नियममा आधारित दृष्टिकोणबाट पछाडि हटिरहेको छ।

अवश्य पनि, अर्बपति र राजनीतिज्ञ गठबन्धनका दीर्घकालीन समस्या छन्। यस्तो सहयोगले जस्तो सुकै जोखिम पनि निम्त्याउन सक्छ। यस्तै, जोखिम हो कलहको खतरा। यदि ट्रम्पको आर्थिक व्यवस्थापन मोडेलमा राजनीतिक रूपमा निकटव्यावसायिक नेताहरूसँग सम्झौता गरिएको छ र उनी पछि ती व्यावसायिक नेताहरूबाट बाहिरिए भने त्यो मोडेल भत्किन्छ। औद्योगिक र राजनीतिक अभिजात वर्गको कुशल सहयोगमा निर्भर प्रणाली अत्यधिक जोखिमपूर्ण हुन्छ किनकि त्यहाँ अनिवार्य रूपमा झगडा देखापर्नेछ।

बढ्दो रूपमा निरंकुश संसारभर (चाहे भारत, चीन, रुस, वा ट्रम्पको अमेरिकामा किन नहोस्) अर्बपति टाइकुनहरू सार्वजनिक कल्पनामा ऐन रान्ड उपन्यासका अनियन्त्रित नायकजस्तै देखिए पनि वास्तविकता यो हो कि व्यापारिक नेताहरू सामान्यतया बिन्तीकर्ता हुन्। आफ्नो सबै शक्तिका लागि अडानी र अम्बानी मोदीदेखि निकै सतर्क रहन्छन्, जसरी ज्याक मा चिनियाँ राष्ट्रपति सी जिनपिङबाट वा कुनै रुसी कुलीन व्यक्ति राष्ट्रपति भ्लादिमिर पुटिनदेखि सावधान हुनेछन्। मस्कले पनि हालैका अन्तर्वार्तामा ट्रम्पप्रति विशेष सम्मान व्यक्त गरेका छन्, यस्तो देखिन्छ कि उनको विशेषाधिकार प्राप्त पद कुनै पनि क्षणमा खारेज हुन सक्छ। अन्ततः, निरंकुश र टाइकुनबिचको सम्बन्धमा निरंकुशले वास्तविक शक्तिमाथि पकड कायम राख्छ।

कम्तीमा भारतमा यो तर्क गर्न सकिन्छ कि आंशिक रूपमा राम्रोका लागि अर्थतन्त्र परिवर्तन हुँदै छ। अराजक र स्वार्थी नातावादको रूपमा सुरु भएको कुरा केही हदसम्म अझ कुशल र कम व्यापक रूपमा भ्रष्ट बन्न पुगेको छ। अन्ततः सायद थप नियममा-आधारित बजार प्रणाली देखा पर्नेछ। ट्रम्प र मस्कको नेतृत्वमा संयुक्तराज्य अमेरिका क्लेप्टोक्रेसीबाट टाढा हुनुको सट्टा झन् त्यसतर्फ बढिरहेको छ। डर यो छ कि अमेरिकी घोटालाको मौसम धेरै टाढा हुने सम्भावना छैन।

-फरेन पोलिसीबाट

पन्जाबको आँधीमा १९ जनाको मृत्यु

इस्लामाबाद/ पाकिस्तानको पूर्वी पन्जाब प्रान्तमा परेको भीषण आँधीका कारण १९ जनाको ज्यान गएको छ। आँधीमा ९० जनाभन्दा बढी मानिस घाइते भएका छन्। प्रान्तीय विपत् व्यवस्थापन प्राधिकरण (पिडिएमए)ले आइतबार उक्त जानकारी दिएको हो। पिडिएमएका अनुसार प्रायः माटाले बनेका वा कमजोर संरचनाका घरमा क्षति भएको छ। हावाहुरी र असिनाका कारण रुख ढलेका र पर्खाल भत्किएका छन्।

प्रान्तभरि यातायातमा व्यापक असर परेको छ। मौसमको खराबीका कारण धेरै सडक बन्द छन्। हावाहुरीको जोखिमले मुख्य सडक बन्द गर्नुपरेको प्रहरीले जनाएको छ। पन्जाबको राजधानी लाहोरस्थित विमानस्थलमा उडान सञ्चालनमा पनि समस्या आएको छ। कराँचीबाट लाहोर जाँदै गरेको एक निजी जहाजलाई अवतरणको क्रममा हावाहुरीले हल्लाउँदा यात्रुहरू आतंकित भएका थिए। हावाको तीव्रताले गर्दा जहाजका चालकले विमानस्थलमा अवतरण नगरी पुनः कराँची फर्काउने निर्णय गरेका थिए। अन्य धेरै उडानमा पनि ढिलाइ भएको थियो।

पिडिएमएले अझै केही दिन मौसम खराब रहने सम्भावना रहेकाले नागरिकलाई सतर्क रहन आग्रह गरेको छ। प्राधिकरणका प्रमुख इरफान अली कथियाले सबै जिल्ला प्रशासक र उद्धार टोलीलाई उच्च सतर्कताका साथ तयारी अवस्थामा बस्न निर्देशन दिएका छन्। स्थानीय प्रशासनलाई आपसमा समन्वय गरेर सम्भावित विपत् न्यूनीकरण तथा उद्धार कार्यमा सक्रिय रहन भनिएको छ।

इतिहासमा आज

मे २६



सन् १९६९ : अन्तरिक्षको अनुसन्धानपछि अन्तरिक्षयान एपोलो १० आजकै दिन पृथ्वीमा सुरक्षित ढंगले फर्कियो।

सन् १८६८ : अमेरिकी पूर्वराष्ट्रपति एन्ड्रयु जोन्सनले महाभियोगका सबै आरोपबाट सफाइ पाए।

सन् १९४० : दोस्रो विश्वयुद्धको समयमा बेलायतद्वारा फ्रान्सको डुनर्किकबाट आफ्ना सेना फिर्ता गर्न सुरु।

सन् १९६६ : गुयाना स्वतन्त्र घोषित भएको दिन। गुयाना पहिला डच र त्यसपछि बेलायतको उपनिवेश थियो।

सन् १९७२ : सोभियत युनियन र अमेरिकाद्वारा एन्टी-ब्यालिस्टिक मिसाइल (एबिएम) सन्धिमा हस्ताक्षर। एबिएम सन्धिले आणविक क्षेप्यास्त्रविरुद्ध एन्टी-ब्यालिस्टिक मिसाइल कवचको स्थापनालाई नियमन गऱ्यो।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
इ.सं.: १९५७/१/२०

स्वर्गारोहण
इ.सं.: २०२५/५/१४

स्व. ई. आनन्द प्रकाश

हाम्रा सहकर्मी **ई. आनन्द प्रकाश**को असामयिक निधन भएको १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

नयाँ पत्रिका
परिवार

लालु यादवले जेठा छोरा तेजप्रतापलाई पार्टी र परिवारबाटै गरे निष्कासन

बिहारका पूर्वमुख्यमन्त्री एवं राष्ट्रिय जनता दल (आरजेडी)का नेता लालुप्रसाद यादवले जेठा छोरा तथा पूर्वमन्त्री तेजप्रताप यादवलाई पार्टीबाट ६ वर्षका लागि निष्कासित गरेका छन्। सामाजिक सञ्जाल एक्समार्फत लालुले यस्तो जानकारी दिएका हुन्। व्यक्तिगत जीवनमा 'नैतिक मूल्य-मान्यतालाई बेवास्ता' गर्दा यस्तो निर्मम कदम चाल्नुपरेको लालुले बताएका छन्। लालुले तेजप्रतापलाई परिवारबाट पनि निष्कासन गरेको बताएका छन्।



> लालुले कारबाही गर्नुअघि सामाजिक सञ्जालमा तेजप्रतापको पोस्टलाई लिएर विपक्षीले आरजेडीको आलोचना गरेका थिए

'जेठो छोराको गतिविधि, उसका सार्वजनिक व्यवहार र गैरजिम्मेवार आचरण हाम्रो परिवारको मूल्य-मान्यताअनुरूप छैन। वर्तमान परिस्थितिमा म उसलाई पार्टी र परिवारबाट हटाएको छु। अबदेखि पार्टी र परिवारमा उसका कुनै भूमिका हुनेछैन। उसलाई ६ वर्षका लागि पार्टीबाट निष्कासित गरिएको छ,' लालुले भने। सार्वजनिक जीवनमा मर्यादा र आचरणको महत्त्व हुने गरेको उनले उल्लेख गरेका छन्। 'मैले सधैं सार्वजनिक जीवनमा मर्यादाको वकालत गरेको छु। परिवारका आज्ञाकारी सदस्यहरूले यसलाई पालना गरेका छन्,' उनले भनेका छन्। छोराले आफ्नो व्यक्तिगत जीवनका बारेमा निर्णय लिन सक्ने पनि उनले बताएका छन्। 'जोकोही पनि उनीसँग सम्पर्कमा रहन सक्छन्। उसले स्वतन्त्र रूपमा निर्णय गर्न सक्छ।'

लालुले तेजप्रतापलाई कारबाही गर्नुअघि सामाजिक सञ्जालमा तेजप्रतापको पोस्टलाई लिएर विपक्षी दलहरूले आरजेडीमाथि चर्को आलोचना गरेका थिए। उनको फेसबुक टाइमलाइनमा अनुष्का यादव नाम गरेकी एक महिलासँग लामो समयदेखि सम्बन्धमा रहेको दाबीसहित पोस्ट गरिएको थियो। तेजप्रताप १२ वर्षदेखि अनुष्कासँग सम्बन्धमा रहेको पनि उल्लेख गरिएको थियो।

'म तेजप्रताप यादव हुँ र यो तस्बिरमा मसँगै देखिने युवती अनुष्का यादव हुन्। हामी दुवैले एक-अर्कालाई विगत १२ वर्षदेखि चिन्छौं र एक-अर्कालाई गहिरो माया गर्छौं। हामी सम्बन्धमा पनि छौं। म यो कुरा तपाईंहरू सबैसँग लामो समयदेखि साझा गर्न चाहन्थें, तर सही शब्द फेला पार्न सकिनँ। आज, यो पोस्टमार्फत म तपाईंहरूलाई मेरो हृदय खोल्दै छु। मलाई आशा छ कि तपाईंहरू सबैले बुझ्नुहुनेछ,' पोस्टमा भनिएको छ। उक्त पोस्ट केहीबेरमै डिलिट गरिएको थियो।

धेरैले आरजेडी नेताले बिहारका पूर्वमन्त्री चन्द्रिका राईकी छोरी ऐश्वर्यासँग किन २०१८ मा विवाह गरे भनेर सोधेपछि उक्त पोस्ट आलोचित बनेको थियो। तेजप्रताप र ऐश्वर्या विवाहको केही महिनापछि अलग भएका थिए।

-एनडिटिभीबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १२ जेठ ०८२

आयकर छुटको सीमा बढाउने तयारी

आगामी आवको बजेटमार्फत एकलतर्फ ६ लाखसम्म र दम्पतीका हकमा ७ लाखसम्मको आयमा कर नलाग्ने व्यवस्था हुँदै

कृष्ण रिजाल/नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट निर्माणको अन्तिम तयारीमा जुटिरहेको सरकारले आयकर छुट सीमालाई बढाउने तयारी गरेको छ। सर्वसाधारण जनताको क्रयशक्ति बढाउँदै अर्थतन्त्रलाई चलायमान बनाउने काममा सघाउने गरी आयकर छुट सीमा बढाउने तयारी गरिएको हो।

हाल प्राकृतिक व्यक्तिका लागि एकलतर्फ पाँच लाखसम्म र दम्पतीका हकमा ६ लाख रुपैयाँसम्मको करयोग्य आयमा १ प्रतिशत मात्रै कर लाग्छ। यही आयकरको सीमालाई बढाउने तयारी गरिएको अर्थ मन्त्रालय स्रोतले बतायो। कम्तीमा एक-एक लाखको सीमा बढाएर एकलतर्फ ६ लाख र दम्पतीका हकमा सात लाख रुपैयाँसम्ममा १ प्रतिशत मात्रै कर लाग्ने व्यवस्था गर्न लागिएको स्रोतको दाबी छ।

पारिश्रमिकमा आधारित व्यक्तिगत आयमा लाग्ने करको सीमा परिवर्तन गराउन आमसर्वसाधारण, कर्मचारीदेखि निजी क्षेत्रले समेत सुझाव दिएका छन्। उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले समग्र माग बढाउने नीति लिन सुझाव दिएको छ। यस्ता सुझावका आधारमा आमउपभोक्ताको क्रयशक्ति बढाउन कर छुटको सीमा परिवर्तन आवश्यक देखिएको अर्थका एक कर्मचारीले बताए।

अर्थशास्त्री प्रा.डा. डिल्लीराज खनाल प्रगतिशील कर प्रणालीको संरचनालाई असर नपार्ने गरी कम आय हुने जनतालाई लाभ दिन कर छुटको सीमालाई बढाउन उचित हुने बताउँछन्।





● **डा. प्रकाशकुमार श्रेष्ठ**, सदस्य, योजना आयोग

प्रतिव्यक्ति आय, अर्थतन्त्रको अवस्थालगायतलाई विश्लेषण गरेर आयकर छुटको सीमा हेरफेर गर्नुपर्छ। एकभन्दा बढी बच्चा हुनेलाई थप ५० हजारदेखि एक लाखसम्मको आयमा कर छुट दिने भन्ने किसिमका नीति लिँदा उपयुक्त हुन्छ।



● **प्रा. डा. डिल्लीराज खनाल**, अर्थशास्त्री

अहिले माग पक्ष कमजोर छ, अर्थतन्त्रलाई थप चलायमान बनाउन आवश्यक छ। यस्तो अवस्थामा जनताको क्रयशक्ति बढाउनुपर्छ, व्यक्तिगततर्फ आयकर छुटको सीमामा केही लचकता अपनाउनु राम्रो हुन्छ। भारतले समेत मध्यमवर्गलाई लक्षित गरेर आयकरमा छुट दिएको छ।

सीमा बढाउन तीन छाता संगठनको सुझाव

निजी क्षेत्रका तीन ठुला छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले प्राकृतिक व्यक्तिको आयमा लाग्ने करको छुट सीमालाई बढाउन सुझाव दिएका छन्। महासंघले सर्वसाधारणको क्रयशक्ति एवं उद्यमीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम आगामी बजेटका प्रमुख आकर्षण हुनुपर्नेमा जोड दिएको छ। महासंघले अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई निजी क्षेत्रका तर्फबाट दिएको बजेटको सुझावमा आयकर छुट सीमा व्यक्तिलाई आठ लाख र दम्पतीलाई १० लाख रुपैयाँ गर्नुपर्ने उल्लेख छ।

परिसंघले आगामी बजेटमार्फत व्यक्तिगत आयकरमा छुट रकमको सीमा एकल व्यक्तिका लागि कम्तीमा आठ लाख कायम गरिनुपर्ने सुझाव दिएको छ। 'त्यसपश्चात्का स्ल्याबहरूको रकमसमेत बढाइनु आवश्यक छ। त्यस्तै, कुनै एक व्यक्तिको आयकरको अधिकतम दर ३० प्रतिशतभन्दा अधिक हुनुहुँदैन,' परिसंघले भनेको छ। नेपाल चेम्बर अफ कमर्सले आयकरको सीमा व्यक्तिगततर्फ १० लाख रुपैयाँ र पारिवारिकतर्फ १२ लाख रुपैयाँ पुऱ्याइनुपर्ने सुझाव दिएको हो।

■ भारतमा १२ लाखसम्मको आयमा कर लाग्दैन

भारतले चालू आर्थिक वर्षको बजेटमार्फत आयकर छुटको सीमालाई उल्लेख्य दरले वृद्धि गरेको छ। भारतले मध्यमवर्गीय जनताको खर्च गर्ने क्षमता बढाउँदै आयकर छुटको सीमालाई करिब ७२ प्रतिशतले बढाएको थियो। भारतीय वित्तमन्त्री निर्मला सीतारमणले सन् २०२५/२६ को बजेटमार्फत वार्षिक १२ लाख भारूसम्मको आयमा कर नलाग्ने घोषणा गरेकी थिइन्।

■ नवनियुक्त गभर्नरको सेयर बजारमैत्री नीति

चार वर्षपछि सेयर धितो कर्जाको जोखिमभार सय प्रतिशत कायम

अघिल्ला गभर्नर महाप्रसाद अधिकारीको 'सजगतापूर्वक लचिलो' कार्यदिशालाई प्रतिस्थापन गर्दै नवनियुक्त गभर्नर डा. विश्व पौडेलले जारी गरे 'सजगतापूर्वक सन्तुलित' कार्यदिशा



● **बैंकले दैनिक राख्नुपर्ने न्यूनतम अनिवार्य नगद मौज्दातको सीमा ७० बाट बढाएर ९० प्रतिशत**

● आपत्कालमा तुरुन्तै नगद उपलब्ध गराउन र सावधानीपूर्वक ऋण लगानी निर्णय मद्दत मिल्ने

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकका नवनियुक्त गभर्नर डा. विश्वनाथ पौडेलले सुरुवातमै सेयर बजारप्रति उदार नीति अवलम्बन गरेका छन्। आइतबार गरिएको मौद्रिक नीति ०८१/८२ को तेस्रो त्रैमासिक समीक्षामार्फत उनले सेयर धितो कर्जा प्रवाह गर्दा कायम राख्नुपर्ने जोखिमभार एक सय २५ प्रतिशतबाट एक सय प्रतिशतमा झारेका हुन्।

हालसम्म सेयर धितोबापत कर्जा प्रवाह गर्दा १२५ प्रतिशतसम्म पुँजीमा जोखिम गणना गर्नुपर्ने व्यवस्था थियो। तर, उक्त दर सय प्रतिशतसम्म झारेसँगै आउँदा दिनमा जोखिमभार कम हुने भएपछि पुँजीको दायित्व कम भएर सेयर धितो कर्जा प्रवाह बढाउन मद्दत मिल्नेछ। यो व्यवस्थाले सेयर धितो बैंकबाट कर्जा लिन चाहने लगानीकर्तालाई सहज भएको छ भने बैंकले प्रवाह गर्ने सेयर कर्जा थप बढ्ने आकलन गरिएको छ।

राष्ट्र बैंकका प्रवक्ता रामु पौडेलका अनुसार ०७८ सालसम्म सेयर धितोको जोखिमभार सय प्रतिशत थियो। तर, त्यसपछि पुँजी बजारमा प्रवाह हुने कर्जालाई कडाइ गर्ने नीति अवलम्बन गर्दै जोखिमभार १५० प्रतिशतसम्म पुऱ्याइएको थियो। चैत मसान्तसम्म सेयर धितो कर्जाबापत बैंक तथा वित्तीय संस्थाले एक खर्ब २४ अर्ब रुपैयाँ प्रवाह गरिसकेका छन्। नयाँ व्यवस्थाले सेयर कर्जा थप वृद्धि हुनेछ।

राष्ट्र बैंकका प्रवक्ता रामु पौडेल भन्छन्–



०७८ असारसम्म सय प्रतिशत रहेको सेयर धितो कर्जाको जोखिमभार एक सय ५० प्रतिशतसम्म पुऱ्याइएको थियो। अहिले एक सय प्रतिशतमा झारिएको हो। आर्थिक परिदृश्यलाई मध्यनजगर गर्दै हाल सन्तुलित नीति बनाएका छौं।

न्यूनतम दैनिक अनिवार्य नगद मौज्दातको सीमा वृद्धि

चालू आर्थिक वर्षको मौद्रिक नीति समीक्षाले लिएको सजगतापूर्वक लचिलो कार्यदिशालाई मध्यावधि समीक्षासम्म यथावत् राखिएको थियो। तर, नयाँ गभर्नरका रूपमा डा. पौडेल आएपछि तेस्रो त्रैमासिक समीक्षामार्फत केन्द्रीय बैंकले आफ्नो कार्यदिशालाई सजगतापूर्वक सन्तुलित बनाएको छ। प्रवक्ता पौडेलले भने, 'आर्थिक परिदृश्यलाई मध्यनजगर गर्दै हामीले विगतको सजगतापूर्वक लचिलोबाट सन्तुलित बनाएका छौं।'

त्यस्तै, बैंक तथा वित्तीय संस्थाले दैनिक ७० प्रतिशत न्यूनतम अनिवार्य नगद मौज्दात कायम राख्नुपर्ने सीमा बढाएर ९० प्रतिशत पुऱ्याइएको छ। यसले तरलता व्यवस्थापन सहज बनाउने प्रवक्ता पौडेलको भनाइ छ। विद्यमान तरलताको अवस्था र पछिल्लो समय बैंकले खुला बजार कारोबार उपकरणहरूमा गरेको सुधारलाई मध्यनजर गरी बैंक तथा वित्तीय संस्थाहरूले दैनिक ९० प्रतिशत न्यूनतम अनिवार्य नगद मौज्दात कायम राख्नुपर्ने व्यवस्था गरिएको त्रैमासिक समीक्षा प्रतिवेदनमा उल्लेख छ।

आगामी दिनमा बैंकहरूले दैनिक रूपमा ९० प्रतिशत नगद मौज्दात राख्नुपर्छ। यसो गर्दा बैंकहरूले सधैं राष्ट्र बैंकमा पर्याप्त रकम राख्नुपर्ने हुन्छ। यसले बैंकको दायित्वमा थप कडाइ ल्याउँछ, जसले गर्दा आपत्कालमा बैंकसँग तुरुन्तै नगद उपलब्ध हुन्छ।

आन्तरिक उत्पादन क्षमता उपयोगमा सुधार भइरहेको दाबी

अघिल्ला दुई आर्थिक वर्ष उत्पादनमूलक उद्योग, निर्माण र थोक तथा खुद्रा व्यापार उपक्षेत्रको वृद्धि ऋणात्मक रहेकामा चालू आर्थिक वर्षमा उक्त उपक्षेत्रहरूको वृद्धि धनात्मक रहने तथ्यांक कार्यालयको अनुमान छ। पर्यटक आगमनमा सुधार भएको केन्द्रीय बैंकले जनाएको छ। त्यस्तै, मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामा भनिएको छ, 'थोक तथा खुद्रा व्यापारमा विस्तार आएको छ। चालू आर्थिक वर्षको नौ महिनामा मध्यवर्ती उपभोगका सामानको आयात १७.८ प्रतिशतले वृद्धि भएको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा १०.३ प्रतिशले घटेको थियो। यसबाट समेत आन्तरिक उत्पादन क्षमताको उपयोगमा सुधार हुँदै गएको देखिन्छ।'

कोशीको बजेटमा स्वास्थ्य, शिक्षा र पूर्वाधार प्राथमिकतामा

विराटनगर/ कोशी प्रदेश सभामा स्वास्थ्य, शिक्षा, पूर्वाधार र सामाजिक सुरक्षालाई जोड दिएर आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट सिद्धान्त र प्राथमिकता पेस भएको छ। आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर रानामगरले आइतबारको बैठकमा विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेका हुन्।

आवश्यकताका आधारमा बजेट विनियोजन, दीर्घकालीन विकासका लक्ष्यहरू निर्धारण गर्ने, सामाजिक र आर्थिक न्यायमा जोड दिने, सरकारका नीति तथा योजनाअनुरूप बजेट निर्माण गर्ने आधार आगामी बजेटको प्राथमिकतामा राखिएको छ। प्रदेश सभामा बजेटको सिद्धान्त र प्राथमिकता पेस गर्दै मन्त्री रानामगरले विनियोजन विधेयकले आर्थिक व्यवस्थापनमा महत्त्वपूर्ण प्रभाव पार्ने बताए। सरकारले स्रोतहरूको प्रभावकारी र समुचित उपयोग सुनिश्चित गराउन, खर्च नियन्त्रण गराएर बोझमुक्त आर्थिक प्रणाली स्थापना गर्न विनियोजन विधेयकले सहयोग पुऱ्याउने उनको दाबी छ।

कोशीका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नीति तथा कार्यक्रम र सिद्धान्त तथा प्राथमिकतामा सहअस्तित्व, सहकार्य र एकतालाई जोड दिएको बताए। ५ जेठमा प्रस्तुत भएको नीति-कार्यक्रममाथि सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै मुख्यमन्त्री कार्कीले प्रदेशमा आर्थिक उन्नति र आन्तरिक आय बढाउन नीति कार्यक्रमले जोड दिएको दाबी गरे। उनले दोस्रो आवधिक योजना र प्रदेशले लिएको दीर्घकालीन लक्ष्यलाई नीति-कार्यक्रमले समेटेको दाबी गरे।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०२/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

